नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था

# वार्षिक प्रतिवेदन

## आ.व. २०७६/७७

# सातौं वार्षिक साधारण सभा

२०७७ फागुन ५ गते बुधबार

स्थानः बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक

समय : विहान ११:०० बजे

## सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड


बनेपा -१४, साँगा, काभ्रेपलाञ्चोक

फोन नं. ०११-६६२२५१/०११-६६०४५२

इमेलः samudayikbank@gmail.com

वेभसाईटः samudayikbank.com.np

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## संचालक समितिका पदाधिकारीहरु



**श्री नन्द कुमार महर्जन**
अध्यक्ष



**श्री हिरालाल विश्वकर्मा**
संचालक



**श्री राजेश्वर अधिकारी**
संचालक



**श्री भुपेन्द्र गोपाल श्रेष्ठ**
संचालक



**श्री नविन शर्मा**
संचालक
(सर्वसाधारण तर्फ)



**श्री निर्मला नेपाल**
संचालक
(सर्वसाधारण तर्फ)



**श्री बालकृष्ण शर्मा**
विशेषज्ञ संचालक

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड प्रोक्सी फारम (प्रतिनिधि पत्र)

**श्री संचालक समिति**

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा १४ साँगा, काभ्रेपलाञ्चोक

**बिषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

...........................जिल्ला .............................. न.पा./गा.पा. वडा नं. ........ बस्ने म/हामी ............................................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७७ साल फागुन ५ गते बुधबारका दिन हुने सातौं बार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णय प्रक्रियामा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ......................जिल्ला ........................न.पा./ गा. पा. वडा नं. ........बस्ने त्यस कम्पनीका शेयरधनी श्री .................................... शेयर प्रमाणपत्र नं./हितग्राही परिचय नं. ...................................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको

हस्ताक्षरको नमूना :

नाम :

शेयरधनी नं. :

हितग्राही खाता नं. :

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी नं. :

हितग्राही खाता नं. :

शेयर संख्या :

मिति :

द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा ७२ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।
एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्ध गरिनेछ ।

........................................................................................................................................

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, बनेपा १४ साँगा, काभ्रेपलाञ्चोक**
**को**
**सातौं बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**
**प्रवेश-पत्र**

१. शेयरधनीको नाम :
२. ठेगाना :
३. शेयरधनी नं./हितग्राही खाता नं.
४. लिएको शेयर संख्या :
५. शेयरधनीको दस्तखत :

........................ ..................
कम्पनीको छाप कम्पनी सचिव

द्रष्टव्यः
सभामा भाग लिन आउदा यो प्रवेश पत्रमा भाग लिन आउने शेयरधनीको नाम, दस्तखत, शेयरको प्रमाणपत्र नं., साधारण शेयर संख्या तथा हितग्राही परिचय नं. अनिवार्य रुपमा उल्लेख गरी लिई आउनु पर्नेछ ।

# विषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | सातौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे सूचना | १ |
| २. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | ३ |
| ३. | अन्य बार्षिक आर्थिक विवरण | ८ |
| ४. | कम्पनी ऐन, २०६३ को दफा–१०९ उपदफा–४ अनुसारको अतिरिक्त विवरण | १२ |
| ५. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ (नियम २६ को उपनियम (२) सँग सम्बन्धित) | १८ |
| ६. | आ.व. २०७६/७७ को लेखापरीक्षकको प्रतिवेदन | २० |
| | (क) संस्थाको वासलात | २२ |
| | (ख) संस्थाको नाफा–नोक्सान हिसाब | २३ |
| | (ग) संस्थाको नाफा–नोक्सान बाँडफाँड हिसाब | २४ |
| | (घ) संस्थाको नगद प्रवाह विवरण | २५ |
| | (ङ) संस्थाको इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २६ |
| ७. | लेखासँग सम्बद्ध अनुसूचीहरू | २७ |
| ८. | प्रमुख लेखा नीतिहरू | ४८ |
| ९. | लेखा सम्बन्धी टिप्पणीहरू | ५२ |
| १०. | नेपाल राष्ट्र बैंकको निर्देशन सहित सहमती पत्र | ६० |
| ११. | नेपाल राष्ट्र बैंकको निर्देशन सम्बन्धमा व्यवस्थापनको जवाफ | ६२ |

अन्नपूर्ण | annapurnapost.com

# सामुदायिक लघुवित्त वितिय संस्था लिमिटेड

**Samudayik Laghubitta Bittiya Sanstha Limited**

**केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोकको**

## सातौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७७।१०।१२ गते सोमबार)**

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०७७।१०।८ मा बसेको सञ्चालक समितिको १५५ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको सातौं बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान:**

**सभा हुने मिति:** २०७७/११/०५ गते बुधबार (१७ फेब्रुअरी २०२१)

**सभा शुरु हुने समय:** बिहान ११:०० बजे

**सभा हुने स्थान:** लहरीखर्क रिसोर्ट, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक, (नासिकास्थान मन्दिर अगाडि।

**बार्षिक साधारण सभाको छलफलका विषयहरु:-**

**क) सामान्य प्रस्तावहरु:**

१) संचालक समितिको अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक बर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सहित २०७७ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरुमा छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा।

३) आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**ख) विविध।**

**ग) बार्षिक साधारण सभा सम्बन्धी अन्य कुराहरु:**

१) यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/१०/२५ गते यस संस्थाको शेयर दाखिल खारेजी कार्य बन्द गरिने छ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो भन्दा अघि सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल लिमिटेड नयाँबानेश्वर काठमाडौंमा नामसारीको लागि प्राप्त विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउनेछन्।

२) साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने परिचयपत्र वा प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आइदिनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३) शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम रहेका शेयरधनी महानुभावहरुकोलागि सातौं वार्षिक साधारण सभाको प्रतिवेदनहरु यस वित्तीय संस्थाको वेबसाइट www.samudayikbank.com.np मा हेर्न सकिने छ । कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिनेछ साथै यसै सूचनालाई समेत आधार मानी आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

४) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीहरुको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् ।

५) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

७) अन्य जानकारीका लागि यस संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०११६६२२५१/०११६६०४५२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

***संचालक समितिको आज्ञाले***
***कम्पनी सचिव***

# सातौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट समितिका अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका आदरणीय सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु एवं पदाधिकारीज्यूहरुका साथै उपस्थित कर्मचारी एवं अन्य महिला तथा सज्जन वृन्द र पत्रकार मित्रहरु,

**यस संस्थाको सातौं वार्षिक साधारण सभामा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु।**

यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितिको र मेरो आफ्नो तर्फबाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु। आर्थिक वर्ष २०७६/७७ मा संस्थाले गरेको प्रगति र उपलब्धि, सञ्चालनमा देखिएका चुनौतीहरु र समग्र क्षेत्रको पुनरावलोकन सहित संचालक समितिको प्रतिवेदन, २०७७ आषाढ मसान्तको संस्थाको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान एवं नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभामा पेश गर्न पाउँदा हामीले गौरवान्वित महशुस गरेका छौं। यो प्रतिवेदन कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनहरु समेतको अधिनमा रही तयार गरिएको छ। म यस सभामा संचालक समितिको तर्फबाट मुलुकको समष्टिगत आर्थिक अवस्था र आर्थिक विकासमा लघुवित्तको भूमिका बारे संक्षेपमा जानकारी पेस गर्दै संस्थाको गत आर्थिक वर्षको कार्यको समीक्षा, व्यवसायिक रणनीति तथा भावी कार्य योजनाहरु छोटकरीमा प्रस्तुत गर्दछु।

**मुलुकको समष्टिगत आर्थिक अवस्था:**

सामाजिक न्याय सहितको दीगो तथा उच्च बृद्धि हासिल गर्दै **'समृद्ध नेपाल, सुखी नेपाली'** को राष्ट्रिय आकांक्षा हासिल गर्ने आधारशिला तयार हुँदै गरेको अवस्थामा कोभिड-१९ ले अनपेक्षित चुनौती थपेको छ। लगातार तीन बर्षको उच्च आर्थिक वृद्धि पछि आर्थिक वर्ष २०७६/७७ मा आर्थिक वृद्धि दर घटेको अनुमान छ। मुद्रास्फीति लक्षित सीमा भित्रै रहेको छ भने आयातमा संकुचन भएका कारण व्यापार घाटा तथा चालु खाता घाटामा सुधार आएको छ भने शोधनान्तर बचत उल्लेख्य बढेको छ। निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार कम रहेको छ। वित्तीय पहुँचमा उल्लेख्य विस्तार भएको छ भने वित्तीय कारोबारमा विद्युतीय भुक्तानीको प्रयोग बढ्दै गइरहेकोछ। वित्तीय विस्तारसँगै आधुनिक भुक्तानी प्रणालीका लागि पूर्वाधार विकासको काम अगाडि बढेको छ। मोवाइल बैंकिङ्गको प्रयोग बढेका कारण बन्दाबन्दीको समयमा समेत बैंकिङ्ग कारोबार सहज भएको छ। कोभिड-१९ का कारण विश्वभर नै श्रम बजार र विप्रेषण आप्रवाह प्रभावित हुने अनुमान छ। वैदेशिक रोजगारीमा गएको श्रमशक्ति फर्किने क्रमसँगै त्यसको असर आन्तरिक श्रम बजारमा पनि पर्ने भएको छ। प्रमुख श्रम गन्तव्य मुलुकहरु आर्थिक संकुचनमा गएसँगै विप्रेषण आप्रवाहमा कमी आएमा सो को असर बैंकिङ्ग क्षेत्रको साधन परिचालन, वाह्य क्षेत्र सन्तुलन तथा गरिबी निवारणमा पर्ने देखिएको छ। कोभिड-१९ महामारीले अर्थतन्त्रमा पारेको असर व्यवस्थापन गर्न मौद्रिक नीतिले मूल्य र वाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक पुनरुत्थानमा जोड दिनुपर्ने अवस्था छ। आर्थिक गतिविधिलाई चलायमान बनाउन कोभिड-१९ बाट प्रभावित क्षेत्रको कर्जा व्यवस्थापन समेतमा नेपाल राष्ट्र बैंकबाट थप सहजीकरणको व्यवस्था अपेक्षित गरिएको छ। वित्तीय साधनलाई उद्यमशीलता विकास, उत्पादन अभिवृद्धि र रोजगारी सिर्जना गर्ने तर्फ प्रोत्साहित गर्नुपर्ने भएकोछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवं परिदृश्यलाई ध्यानमा राखी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति तर्जुमा गरेको छ। यसका साथै नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना, आर्थिक वर्ष २०७७/७८को बजेट, वित्तीय क्षेत्र विकास रणनीति र नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजनालाई समेत मौद्रिक नीति तर्जुमाको आधारको रुपमा लिइएको छ।

आर्थिक वर्ष २०७५/७६ मा ७.३ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशतमा सीमित रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । कृषि क्षेत्रको वृद्धिदर २.६ प्रतिशत, उद्योग क्षेत्रको ३.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धिदर २ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कूल गार्हस्थ्य उत्पादन सँगको कूल गार्हस्थ्य बचतको अनुपात १८.१ प्रतिशत र कूल राष्ट्रिय बचतको अनुपात ४६ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः १९ प्रतिशत र ४८.९ प्रतिशत रहेका थिए । आर्थिक वर्ष २०७६/७७ मा कूल गार्हस्थ्य उत्पादनमा कूल स्थिर पुँजी निर्माणको अनुपात २८.१ प्रतिशत र कूल पुँजी निर्माणको अनुपात ५०.२ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः ३३.७ प्रतिशत र ५६.६ प्रतिशत रहेका थिए ।

**आर्थिक विकासमा लघुवित्तको भूमिका:**

नेपालमा लघुवित्त कार्यक्रम सुरु भएको २ दशक भन्दा बढी भैसकेको छ । विगतमा सञ्चालन भएका गरिबीमुखी कर्जा कार्यक्रमहरुमा भएका कमी कमजोरीहरु सुधार गर्दै विपन्न वर्गलाई दीगो वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले नेपालमा लघुकर्जा कार्यक्रमको सुरुवात भएको थियो । सुरुमा सरकारी स्तरमा ग्रामीण विकास बैंक र निजी स्तरमा गैह्र सरकारी संस्थाको सक्रियतामा सुरु भएको लघुवित्त आन्दोलन निजी क्षेत्रको सक्रियता र नेपाल राष्ट्र बैंकको सहयोगी भूमिकाले आज ७७ जिल्लामा कार्यक्रम विस्तार गर्न सफल भएको छ । लघुवित्त कार्यक्रमले आय आर्जनमा सघाउने, सम्पत्ति श्रृजना हुने, जोखिम व्यवस्थापन गराउने, व्यबसायिकताको बिकास गराउने तथा रोजगार प्रबर्द्धन गर्ने र लक्षित वर्गको सशक्तिकरण हुन गई गरिबी कम गर्न सघाउ पुर्‍याएको कुरामा कुनै शंका छैन । नेपालमा लघुवित्त सेवा प्रदायक बिभिन्न संघ संस्थाहरु क्रियाशिल भएता पनि नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गमा वर्गीकृत लघुवित्त वित्तीय संस्थाहरु यस क्षेत्रमा बढी क्रियाशिल छन् । लघुवित्त वित्तीय संस्थाहरुको कार्यक्रमले वित्तीय पहुँच बृद्धि गराएको, वित्तीय साक्षरतामा सहयोग पुर्‍याएको र गरीब परिवारहरुको आयस्तर बृद्धि गर्न समेत महत्वपूर्ण भूमिका खेलेकोले यस्ता कार्यक्रमलाई देशका दुरदराजमा रहेका समुदाय सम्म अनिवार्य रुपमा पुऱ्याउन आवश्यक छ तर यो क्षेत्र समस्या तथा चुनौती रहित भने छैन । अतः पिछडिएका तथा गरीब सम्म वित्तीय पहुँच पुऱ्याउँने, कमजोर वर्गको सशक्तिकरण गर्ने, न्यून वर्गको आर्थिक र सामाजिक स्तर बृद्धिमा सहयोग गर्ने उद्देश्यका साथ स्थापित यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले केन्द्रीय बैंकको नीति, निर्देशन पूर्ण रुपले अवलम्वन गर्दै आफ्नो कार्यक्रम सुसंचालन गर्न क्रियाशिल रहदै आएको छ ।

**सामुदायिक लघुवित्त वित्तीय संस्थाको संक्षिप्त चिनारी:**

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा मिति २०७०/०३/२८ मा दर्ता भएको कम्पनी हो । नेपाल महिला उत्थान केन्द्रले संचालन गरेको लघुबित्त कार्यक्रमलाई दुबै संस्थाको संचालक समितिको निर्णय अनुसार यस वित्तीय संस्थालाई मिति २०७० चैत्र ३० गते नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय संस्थाको रुपमा कारोवार सञ्चालन गर्न इजाजत प्रदान गरिए बमोजिम २०७१ श्रावण १ देखि औपचारिक रुपमा आफ्नो कारोवार प्रारम्भ गरेको थियो । यसको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल, तामाघाटमा रहेको भए तापनि मिति २०७२ बैशाख १२ र २९ गतेको महाभुकम्पको कारण हाल बनेपा १४, साँगा काभ्रेपलाञ्चोकमा स्थायी रुपमा स्थानान्तरण भएको छ भने यस वित्तीय संस्थाको काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, नुवाकोट, भोजपुर र संखुवासभा गरी १० जिल्लाहरुमा कार्यक्षेत्र रहेको छ । यस वित्तीय संस्थाले बिभिन्न कठिनाइका बावजुद पनि हाँसिल गर्न सफल संक्षिप्त प्रगति विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | २०७७ असार मसान्त |
|---|---|---|
| १ | कार्यक्रम पुगेको जिल्ला | १० |
| २ | कार्यक्रम पुगेको गाउपालिका/न.पा. | ९० |
| ३ | शाखा कार्यालय | ३६ |
| ४ | इकाई कार्यालय | २९ |
| ५ | केन्द्र संख्या | २,८९३ |
| ६ | कूल कर्मचारी संख्या | १५२ |
| ७ | कूल ग्राहक सदस्य संख्या | ४२,१५३ |
| ८ | कूल ऋणी संख्या | १५,५३३ |
| ९ | लगानीमा रहिरहेको रकम (रु) | १,१०,८६,६०,३९०।- |
| १० | बचत परिचालन वा संकलन (रु) | ४३,११,७५,९००।- |
| ११ | कूल नाफा (रु) | १,०५,७०,९९४।- |
| १२ | खूद नाफा (रु.) | ६६,४५,२६१।- |

**वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण:**

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, काभ्रेपलाञ्चोकको आ.व. २०७६/७७ आषाढ समान्त सम्मको वासलात तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र पूँजीमा भएको परिवर्तनको लेखा परीक्षण गरी तयार गरेका विवरण देहाय बमोजिम संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

**वार्षिक आर्थिक विवरण:**

(क) वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण नेपाल लेखामान (प्रचलित कानूनले व्यवस्था गरे बाहेक), कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा आधारित भई मान्यता प्राप्त 'क' वर्गको लेखापरीक्षकबाट तयार पारिएको छ।

(ख) लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनहरुको आधारमा आर्थिक विवरण तयार पारिएको छ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षण, कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुगमन एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन समेत समावेश गरी मान्यता प्राप्त लेखापरीक्षकबाट तयार पारिएको छ।

(ग) कम्पनीले जोखिम व्यहोर्ने कोषको व्यवस्था पर्याप्त गरेको छ।

(घ) कम्पनीले गरेको सम्पूर्ण कारोवार कम्पनीको अख्तियारी भित्र रहेको छ।

(ङ) यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कारोवारहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार स्वीकृत प्राप्त कार्यक्षेत्रमा वित्तीय सेवा विस्तारको लागि सम्भावित क्षेत्रहरुमा, समूहमा आधारित बचत, ऋण, लघु वीमा, ग्रामीण कर्जा वीमा, रेमिट्यान्स, वैदेशिक रोजगार कर्जा, धितोमा आधारित कर्जा तथा आयआर्जन निमित्त सीप विकास तालिम तथा वित्तीय साक्षरताका कार्यहरु प्रमुख कारोवारको रुपमा सञ्चालन गर्दै आइरहेको छ।

गत वर्षको तुलनामा समीक्षा अवधिमा यस वित्तीय संस्थाको खूद मुनाफा रु. ६६,४५,२६१।- कुल सम्पत्ति रु. १,२२,०२,४९,१५९।- प्रति शेयर बूक नेटवर्थ रु. १८२।३८ कायम रहेको छ।

(क) आर्थिक वर्ष २०७६/७७ को वासलात

| कूल पूँजी तथा दायित्व | गत वर्ष रु | यस वर्ष रु. |
|---|---|---|
| | १,०१,९६,८२,१४३ ।- | १,२२,०२,४९,१५९ ।- |

(ख) आर्थिक वर्ष २०७६/७७ को नाफा/नोक्सान हिसाब

| नाफा नोक्सान हिसाब | गत वर्ष रु | यस वर्ष रु. |
|---|---|---|
| खुद नाफा | २,३०,६०,७१७।- | ६६,४५,२६१।- |

माथि उल्लेखित तथ्याङ्कले समीक्षा अवधिमा वित्तीय संस्थाले प्रगतिको स्पष्ट झलक प्रदान गर्न सकेको छ भन्ने विश्वास लिएका छौं । गत वर्षको तुलनामा समीक्षा अवधिमा वित्तीय संस्थाको कूल पूँजी तथा दायित्व तर्फ रु १२०।- ले वृद्धि भएको छ भने विशेष गरेर कोभिडको कारणले खुद नाफामा कमी हुन आएको छ । साथै बार्षिक आर्थिक विवरण सहित कम्पनी ऐन २०६३ को दफा १०९, उपदफा ४ अनुसारको अतिरिक्त विवरण र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १५ अनुसारको विवरणहरु जानकारीका लागि यसैसाथ संलग्न गरी यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।

**भविष्यमा गर्नुपर्ने बिषयहरुको सम्बन्धमा संचालक समितिको धारणाः**

(१) नियमन निकायको मापदण्ड भित्र रही १० जिल्लाबाट कार्यक्षेत्र वृद्धि गरी राष्ट्रिय स्तरमा स्तरोन्नति गर्ने ।
(२) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा प्रशासकीय सृदृढिकरणमा विशेष जोड दिने ।
(३) ऋण रकमको उपयोग उत्पादनशिल कार्यमा लगाउनका लागि ऋणीहरुको उद्यमशिलता विकासमा जोड दिने ।
(४) संस्थाको पूँजीकोष समेत नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुको निर्देशानुसार व्यवस्थापन गर्ने ।
(५) परम्परागत कारोवार प्रणालीलाई प्रविधियुक्त हुने गरी रुपान्तरण गर्ने कार्यमा नीतिगत व्यवस्था गर्ने ।
(६) आन्तरिक श्रोत साधनको अधिकतम परिचालन गरी बाह्रय श्रोत परिचालन न्यून गर्ने ।
(७) संस्थाको व्यवसायमा विविधीकरणको साथै विस्तार गर्दै जाने ।
(८) विप्रेषण सेवालाई प्रभावकारी संचालनमा जोड दिने ।
(९) वित्तीय संस्थाको कारोवारसँग सम्बन्धित विविध जोखिम न्यूनिकरण गर्नका लागि आवश्यक पूर्व सतर्कताहरु अपनाउने । आदि ।

**लेखापरीक्षकको नियुक्तिः**

वित्तीय संस्थाको लेखापरीक्षक श्री केशब प्रसाद न्यौपाने, के.पि.एन.एण्ड एसोसियटस् चार्टर्ड एकाउन्टेन्टस्ले वित्तीय संस्थाको हिसावको विस्तृत रुपमा लेखापरीक्षण गरी समयमै प्रतिवेदन उपलब्ध गराई दिनु भएकोमा संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै श्री केशब प्रसाद न्यौपाने, के.पि.एन.एण्ड एसोसियटस् चार्टर्ड एकाउन्टेन्टस्ले लगातार तीन बर्ष लेखापरीक्षण गरी सकेकोले आगामी आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षण कार्यको लागि लेखा समिति तथा संचालक समितिको सिफारिश बमोजिम रु.१,५५,०००।-(कर बाहेक) पारिश्रमिक दिने गरी C.A Firm, J.D & Associates का C.A श्री जगदीश्वर देवकोटाज्यूलाई लेखापरीक्षक नियुक्ति गर्न स्वीकृतिको लागि यस सभामा प्रस्ताव गरिएको छ ।

**चालु आ.ब. २०७७/७८ पौष मसान्तसम्मको कार्यक्रम विकास/विस्तारको सिंहावलोकनः**

| क्र.सं. | विवरण | २०७७ पौष मसान्त |
|---|---|---|
| १ | कार्यक्रम पुगेको जिल्ला | १० |
| २ | कार्यक्रम पुगेको गाउपालिका/न.पा. | ९५ |
| ३ | शाखा कार्यालय | ३७ |
| ४ | इकाई कार्यालय | २९ |
| ५ | केन्द्र संख्या | २,९४० |
| ६ | कूल कर्मचारी संख्या | १५९ |
| ७ | कूल ग्राहक सदस्य संख्या | ४३,५६० |
| ८ | कूल ऋणी संख्या | १५,९२७ |
| ९ | लगानीमा रहिरहेको रकम (रु) | १,२१,९८,८२,५४०।- |
| १० | बचत परिचालन वा संकलन (रु) | ४७,१५,५६,०४५।- |
| ११ | कूल नाफा (रु) | ७२,१७,७८०।- |
| १२ | खूद नाफा (रु.) | ४५,९३,१३०।- |

**<u>अन्तमा</u>**

हाम्रो प्रथम कर्तव्य वित्तीय संस्थाको विकास तथा लगानीलाई सुनिश्चिततता प्रदान गरी ग्राहक सदस्यहरुको निक्षेप सुरक्षा गर्नु हो । हाम्रा शेयरधनी महानुभावहरुबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणाले हामीलाई लक्ष्य प्राप्तिमा अझ वढी टेवा पुग्ने विश्वास लिएका छौं ।

हामीलाई यस अवस्थामा पुऱ्याउन आदरणीय ग्राहक सदस्यहरु एवं इमान्दार कर्मचारीहरुको पहिलो भूमिका रहेको छ भने अर्को तर्फ यस वित्तीय संस्था प्रति निरन्तर रुपमा विश्वास गरी सौहार्दपूर्ण वातावरणमा कारोवार संचालनमा योगदान पुऱ्याउँदै आउनु भएका सम्पूर्ण लगानीकर्ताहरु प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

वित्तीय संस्थाको निरन्तर उन्नति एवं उत्तरोत्तर प्रगति र सम्बृद्धिका लागि अभिभावकको रुपमा मार्गदर्शन तथा सदा साथ दिनु हुने आदरणीय शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरु क्रमशः नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., एनएमबी क्यापिटल लि. तथा लक्ष्मी क्यापिटल लि. (शेयर रजिष्ट्रार), सिडिएस एण्ड क्लियरिङ्ग लि., विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, मेटलाइफ वीमा कम्पनी तथा रिलायवल लाइफ इन्सुरेन्स कम्पनी, युरानस टेक नेपाल (प्रा.) लि. र नेपाल लघुवित्त बैंकर्स संघ तथा अन्य प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउँदै आउनु भएका हाम्रा सहयोगी सम्पूर्ण निकायहरु तथा संघ/संस्थाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यसै गरी यहाँहरुको सहयोग र साथ पाइरहने विश्वास लिएका छौं ।

हाम्रो प्रमुख लक्ष्य भनेको ग्रामीण तथा दुरदराजका क्षेत्रमा रहेका विपन्न समुदायहरुको वित्तीय क्षेत्रमा पहुँच पुऱ्याई उनीहरुको गरिबी न्यूनीकरण गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउनु हो । यस कार्यमा क्रियाशील भई कडा परिश्रमका साथ ग्राहकहरुको सेवामा दत्त चित्त भएर लाग्नु हुने कर्मचारीहरुको परिश्रमको कदर गर्दै विशेष धन्यवाद दिन चाहन्छौं । साथै वित्तीय संस्थाका लेखापरीक्षक, कानूनी सल्लाहकार एवं सम्पूर्ण शुभेच्छुकहरुलाई यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

२०७७/११/५ गते बुधबार

संचालक समितिको तर्फबाट

नन्द कुमार महर्जन
अध्यक्ष

अन्य बार्षिक आर्थिक विवरण :

## (क) पूँजी तथा दायित्व तर्फ

**पूँजी तथा जगेडा कोष :**

समीक्षा अवधिमा वित्तीय संस्थाको चुक्ता पूँजी रु १३.२० करोड रहेको छ, यसको बिस्तृत विवरण अनुसूचीमा समावेश गरिएकोछ । वित्तीय संस्थाको पूँजी पर्याप्तता अनुपात १२.५२ प्रतिशत रहेको छ जुन, नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम अनुपात ८ प्रतिशत विन्दु भन्दा बढी रहेको छ । वित्तीय संस्थाले अनपेक्षित नोक्सानलाई व्यहोर्ने गरी पर्याप्त पूँजीको व्यवस्था गरेको छ ।

**नाफा नोक्सान बाँडफाँड :**

(१) नेपाल राष्ट्र बैंकले तोकेको तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाले २०७६/७७ मा आर्जन गरेको खुद नाफा बाट वर्षको २० प्रतिशतले हुन आउने रकम रु. १३,२९,०५२।-साधारण जगेडा कोषमा छुट्याएको छ ।

(२) नेपाल राष्ट्र बैंकले तोकेको तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७६/७७ मा आर्जन गरेको सम्पूर्ण कारोबार समावेश पछिको कूल नाफाको १० प्रतिशतले हुन आउने रकम रु. ९,६०,९९९।- (खर्चमा समावेश पश्चात) कर्मचारी बोनस कोषमा छुट्याइको छ ।

**ऋणपत्र :**

वित्तीय संस्थाले हालसम्म ऋणपत्र तथा वण्डमा लगानी गरेको छैन ।

**कर्जा :**

वित्तीय संस्थाले स्वीकृत कार्यक्षेत्रका आफ्ना ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्ने सिलसिलामा श्री एनएमवि बैंक, बैंक अफ काठमाण्डु, नेपाल एसविआई बैंक, माछापुच्छ्रे बैंक, नविल बैंक, सानिमा बैंक,ग्लोवल आईएमई बैंक, एनआईसि एशिया बैंक, मेगा बैंक, प्रभु बैंक तथा अन्य संगठित संस्थाहरुसँग लिएको ऋण रु. १,२१,५९,१६,१००।- मध्ये नियमित तिर्न बाँकी रु.५६,२०,९८,०८१ ।- रहेको छ ।

**निक्षेप तथा अन्य दायित्व :**

समीक्षा अवधिमा वित्तीय संस्थाले आफ्नो ग्राहक सदस्यहरुबाट विभिन्न शिर्षक अन्तर्गत संकलित निक्षेप गत वर्षको रु. ३५,१६,५२,४०१।- मा यस वर्ष रु ७,९५,२३,५०२।- ले वृद्धि भई रु. ४३,११,७५,९०३।- निक्षेप दायित्वमा रहेको छ ।

**आयकर दायित्व :**

आयकर ऐन, २०५८ तथा संशोधित नियमहरुको व्यवस्था बमोजिम चालू आयकरको व्यवस्था गरीएकोमा सो अग्रिम भुक्तानी भईसकेको छ । प्रस्तुत आ.व. २०७६/७७ मा जम्मा रु. ३४,७५,३८१।- आयकर व्यवस्था गरिएको छ भने अग्रिम आयकर भुक्तानी वापत रु. १,१४,७९,१०५।- गरिएको हुनाले आगामी आ.व. २०७७/७८ को लागि जम्मा रु. ८०,०३,७२४।- आयकर भुक्तानीमा समायोजन गरिनेछ ।

**अन्य दायित्व :**

वित्तीय संस्थाको विस्तृत हिसाबमा देखिएका अन्य दायित्वहरु अनुसूची ४.६ मा देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कर्मचारी उपदान कोष | रु ५१,७२,१९०।- |
| २. | बिदा बापतको व्यबस्था | रु ४६,८६,७५४।- |
| ३. | कर्मचारी संचयकोष | रु ४५,३७,७८२।- |
| ४. | कर्मचारी कल्याणकोष (औषधीकोष) | रु ५३,७१,६१०।- |
| ५. | कर्मचारी वोनस व्यवस्था | रु ९,६०,९९१।- |
| ६. | निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज | रु १,१७,०१,८७२।- |
| ७. | सापटीमा भुक्तानी दिन बाँकी ब्याज | रु १,६३,२४०।- |
| ८. | सन्ड्री केडिटर्स | रु ३४,०१,८६४।- |
| ९. | भुक्तानी दिर्न बाँकी लाभाँश | रु १६,८४,२१०।- |
| १०. | भुक्तानी गर्न बाँकी कर | रु ५,११,५९६।- |
| ११. | कार्यगत पेश्की वापत व्यवस्था | रु ८,१५,०००।- |
| १२. | स्टाफ धरौटी | रु १०,१४,५५०।- |
| १३. | ग्रामीण कर्जा वीमा | रु १०,१९,८५९।- |
| १४. | अन्य (मेटलाईफ) | रु ७५,०००।- |
|  | **जम्मा** | **रु. ४,११,१६,५२६।-** |

**(ख) सम्पत्ति तर्फ**

**नगद मौज्दात :**

गत वर्षको रु. ४४,९५,२६८। नगद मौज्दातमा यस आर्थिक वर्ष समाप्त हुँदा संस्थाको केन्द्रीय कार्यालय र ३६ शाखा कार्यालयको रु. रु.३,२८,१५२। ले बढ्न गई रु. ४८,२३,४२०।- नगद मौज्दातमा रहेको छ ।

**नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात:** छैन ।

**बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात :**

गत वर्ष रु. ९,१८,३८,९६१। बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात यस आर्थिक वर्ष समाप्त हुँदा वित्तीय संस्थाको केन्द्रीय कार्यालय र ३६ शाखा कार्यालयहरुको रु.२,०२,८५,८८९।- ले बढ्नगई जम्मा रु. ११,२१,२४,८५०।- बैंक मौज्दातमा रहेको छ ।

**माग तथा अल्पसूचनामा प्राप्त हुने मौज्दात:** छैन ।

**कर्जा सापट तथा बील खरिद :**

गत वर्ष रु. ८९,३१,०४,५१७।- कर्जा सापटी रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु. १६,६६,५१,३७१।- ले वृद्धि भई जम्मा रु. १,०५,९७,५५,८८८।- खूद-कर्जा सापटीमा रहेको छ ।

**स्थिर सम्पत्ति :**

गत वर्ष रु. २,३४,३९,३८९।- स्थिर सम्पत्ति रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु. ८,०६,३३६।- ले घटी भई जम्मा रु. २,२६,३३,०५३।- स्थिर सम्पत्ति रहेको छ ।

**गैर बैंकिङ्ग सम्पत्ति:** छैन ।

**अन्य सम्पत्ति:**

गत वर्ष रु. ५८,०४,००८।- अन्य सम्पत्ति रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु. १,४१,०७,९३९।- ले वृद्धि भई जम्मा रु. १,९९,११,९४७।- अन्य सम्पत्ति रहेको छ ।

**(ग) आम्दानी तर्फ**

**व्याज आम्दानी :**

गत वर्ष रु. १४,७८,५०,७२८।- व्याज आम्दानी भएकोमा यस आर्थिक वर्ष समाप्त हुँदा जम्मा रु. १६,८८,७०,६१५।- व्याज आम्दानी गर्न सफल भएको छ ।

**कमिशन तथा अन्य सञ्चालन आम्दानी :**

गत वर्ष रु. २,४८,६१,१७७।- अन्य आम्दानी भएकोमा यस आर्थिक वर्ष समाप्त हुँदा जम्मा रु. २,५८,७२,८२१।- अन्य आम्दानी भएको छ ।

**(घ) खर्च तर्फ :**

**व्याज खर्च :**

गत वर्ष रु. ७,१८,४८,४४०।- व्याज खर्च रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु. ८,४८,२४,२४९।- विशेष तथा वाह्य ऋणमा व्याज खर्च भएको छ ।

**कर्मचारी खर्च :**

गत वर्ष रु. ३,८३,२१,०५२।- कर्मचारी खर्च भएकोमा यस आर्थिक वर्षमा जम्मा रु.४,६८,१५,५९१।- कर्मचारी तर्फ खर्च भएको छ ।

**अन्य सञ्चालन खर्च :**

गत वर्ष रु. २,१४,७६,३९२।- सञ्चालन खर्च भएकोमा यस आर्थिक वर्षमा जम्मा रु. २,३३,८०,३६१।- अन्य सञ्चालन खर्च भएको छ ।

**सम्भावित नोक्सानी व्यवस्था खर्च :**

गत वर्ष रु. ४२,१८,९५२।- सम्भावित नोक्सानी व्यवस्था खर्च भएकोमा यस आर्थिक वर्षमा रु. २,९९,४३,५२७।- सम्भावित नोक्सानी व्यवस्था खर्च रहेको छ ।

**(ङ) वित्तीय संस्थाको प्रमुख सुचकाङ्क :**

यस वित्तीय संस्थाको आ.व. २०७६/७७ को कारोवारको आधारमा प्रमुख सुचकाङ्कको रुपमा खुद नाफा/कूल आम्दानी ३.४१, प्रतिशत, प्रति शेयर आम्दानी रु. ६.६५, प्रति शेयर बजार मूल्य रु. ९५५।, मूल्य आम्दानी अनुपात १४३.७१, व्याज आम्दानी / कर्जा तथा सापटी १५.२३%, कर्मचारी खर्च/कूल सञ्चालन खर्च ६६.६९, कूल निक्षेप/सापटी व्याज खर्च ८.५४, कर्मचारी बोनस/कूल कर्मचारी खर्च

२.०५, खुद नाफा/कर्जा सापट ०.६०, खूद नाफा/कूल सम्पत्ति ०.५४, कूल कर्जा/निक्षेप २५७.१२, कूल सञ्चालन खर्च/कूल सम्पत्ति ५.७५, प्राथमिक पूँजी ११.२७, पुरक पूँजी १. २५ कूल पूँजी कोष १२.५२ र तरलता १.१२ प्रतिशत रहेको छ भने निष्क्रिय कर्जा/कूल कर्जा ३.९७ प्रतिशत, ब्याज दर अन्तर ७.१५, बूक नेटवर्थ (प्रति शेयर) रु. १८२.३८ रहेको छ ।

**विप्रेषण सेवाः**

विदेशमा कार्यरत नेपालीहरुको संख्यामा वृद्धि भइरहेको र नेपाल तर्फ आउने विप्रेषण रकमलाई सेवा पुऱ्याउँने उद्देश्यले वेस्टर्न युनियन, IME रेमिट, सिटी एक्स्प्रेस तथा हिमाल रेमिट सँग सम्भौता गरी ग्रामीण भेगका जनसमुदायलाई विप्रेषण सेवा दिंदै आएको छ ।

**सूचना प्रविधिः**

वित्तीय संस्थाले आफ्नो कारोवार म्यानुअल पद्धतिमा व्यवस्थापन गर्दै आइरहेकोमा आजको प्रविधिको युगमा नविनतम प्रविधिलाई आत्मसाथ गरी वित्तीय संस्थाले प्रदान गर्ने सेवालाई छिटो, छरितो र स्तरोन्नति गर्ने उद्देश्यले यूरानस टेक नेपाल सँग सम्भौता गरी शाखा कार्यालयहरुमा कारोवारलाई शतप्रतिशत सफ्टवेयर प्रणालीमार्फत नियमित संचालनमा रहेको छ ।

**मानव संशाधनः**

कर्मचारीहरुलाई वित्तीय संस्थाले सधैं नै आफ्नो महत्वपूर्ण संशाधनको रुपमा लिएको छ । योगदानको उच्च कदर गर्दै समय अनुसार प्रतिस्पर्धी बनाई वित्तीय सेवा प्रदान गर्न कर्मचारीहरुको वृत्ति तथा शीप विकासको लागि नियमित रुपमा समय सापेक्ष आन्तरिक तालिम संचालनका साथै वाह्य निकायद्वारा संचालित उपयुक्त तालिममा सहभागिता बढाएको छ । समीक्षा अवधिमा वित्तीय संस्थाले १५२ जना कर्मचारीहरु मध्ये केही कर्मचारीहरुलाई उपयुक्तता र आवश्यकता हेरी तालिम, दक्षता अभिवृद्धि कार्यक्रम तथा कार्यशाला गोष्ठीमा सहभागी गराइएको छ । साथै कर्मचारीहरुको पारिश्रमिक वित्तीय संस्थाको मुनाफा तथा बजार अनुसार वृद्धि गर्दै लगिने छ ।

**संस्थागत सुशासनः**

वित्तीय संस्थाले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्र नभई आवश्यक पारदर्शिताका निम्ति पनि संस्थागत सुशासनलाई संचालक समितिले उच्च प्राथमिकताका साथ सुशासनका आधारभूत पक्षहरु सुनिश्चित गर्न प्रतिवद्ध रहेको छ । सो सन्दर्भमा संचालक समितिको निर्णय पद्धति र काम कारवाहीहरुलाई प्रचलित ऐन कानून बमोजिम नै गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नीति निर्देशनहरु वित्तीय संस्थाले पूर्ण रुपमा पालना गरिरहेको छ । त्यसै गरी आन्तरिक तथा वाह्य लेखापरीक्षकबाट दिइएको सल्लाह-सुभ्फावहरुलाई पूर्ण सजगताका साथ कार्यान्वयन गरिएको छ । आन्तरिक तथा बाह्रय कारणहरुले गर्दा वित्तीय लगायत देशको अर्थतन्त्रको विभिन्न क्षेत्रहरुमा हुने अवसर, चुनौती र जोखिमहरुलाई संचालक समितिले नजिकबाट नियाली रहको छ र सोही बमोजिम समय समयमा व्यवस्थापनलाई सल्लाह तथा निर्देशन दिदै आएको छ ।

**संचालक समितिः**

वित्तीय संस्थाको संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना र स्वतन्त्र व्यवसायिक विशेषज्ञ १ जना गरी कूल ७ जना संचालकहरु छन् । जसमा अध्यक्ष, श्री नन्द कुमार महर्जन, संचालकहरु क्रमशः श्री हिरालाल विश्वकर्मा, श्री राजेश्वर अधिकारी, श्री भुपेन्द्र गोपाल श्रेष्ठ, श्री नविन शर्मा, श्रीमती निर्मला नेपाल र विशेषज्ञ संचालकको रुपमा श्री बालकृष्ण शर्मा रहेका छन् । साथै संचालक समितिको बैठक विद्यमान ऐनको प्रावधान अनुरुप नियमित रुपमा बस्ने गरेको छ । समीक्षा अवधिमा संचालक समितिको कूल २४ पटक बैठक बसेको छ ।

# कंपनी ऐन, २०६३ को दफा - १०९ उपदफा -४ अनुसारको अतिरिक्त विवरण

**(क) विगत बर्षको कारोवारको सिंहावलोकन :**

आर्थिक बर्ष २०७६।७७ को संक्षिप्त आर्थिक विवरण अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिति र यसका प्रभावहरु :**

यस वित्तीय संस्थामा अन्तराष्ट्रिय परिस्थितिबाट खासै असर नपारेतापनि राष्ट्रिय अवस्थाबाट भने आ.ब.२०७६।७७ को प्रथम त्रैमासमा संस्थाका सम्पूर्ण अवस्था सुधार गर्दै लगिएको र तरलता समस्याका कारण बाह्रय ऋणको व्याजदरमा बृद्धि हुनुका साथै बैंक वित्तीय संस्थामा रकमको केही अभाव देखिनु कोभिडको कारणले व्यवसायमा प्रतिकूल असर पर्नु, एउटै कार्यक्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाहरुको प्रवेश सँगै सदस्य तथा कर्जामा दोहोरोपना हुनु, धेरै जनाको ऋण रकम एक जनाले चलाउने गर्नु र वजार क्षेत्रमा खराब ऋणीहरुको प्रवेशले कर्जा जोखिम बृद्धि हुने सम्भावना अधिकतम रहेको साथै केहि दुर्गम क्षेत्रमा शाखा रहेको स्थानमा बैंकको सुविधा नहुँदा कारोवार गर्न कठिनाई र जोखिममा नगद कारोवार गर्न वाध्य रहेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलव्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :**

संस्थाको आ.ब. २०७७।७८ को संक्षिप्त बार्षिक कार्यक्रम तथा भविष्यमा गर्नुपर्ने कुराहरुको सम्बन्धमा संचालक समितिको बार्षिक प्रतिवेदनमा प्रस्तुत गरिसकिएको छ ।

**(घ) औद्योगिक तथा व्यावसायिक सम्बन्धमा :**

यस संस्थाले सबै वित्तीय संस्थाहरुसँग व्यवसायिक रुपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लानेछ । त्यसैगरि संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिवद्ध रहेको छ ।

**(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारण :**

यस वित्तीय संस्थाको संचालक समितिमा समीक्षा अवधिमा निम्नानुसारका व्यक्तिहरु यथावत रहनु भएको छ ।

| क्र.सं. | नाम | पद | नियुक्ति मिति | कारण |
|---|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | अध्यक्ष | २०७५।१२।२४ | संस्थापक समूहबाट निर्वाचित |
| २ | श्री हिरालाल विश्वकर्मा | संचालक | २०७५।१२।२४ | |
| ३ | श्री राजेश्वर अधिकारी | संचालक | २०७५।१२।२४ | |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | संचालक | २०७५।१२।२४ | |
| ५ | श्री नविन शर्मा | संचालक | २०७५।१२।२४ | सर्वसाधारण समूहबाट निर्वाचित |
| ६ | श्री निर्मला नेपाल | संचालक | २०७५।१२।२४ | |
| ७ | श्री बालकृष्ण शर्मा | बिशेषज्ञ संचालक | २०७६।०२।२१ | बिशेषज्ञ संचालकको रुपमा नियुक्त |

**(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरु :**

देशको जटील राजनैतिक अस्थिरता र गतिरोध लगायत कोभिड-१९ को कारण लकडाउनको स्थिति सामना गर्न व्यवसायीहरुमा परेको प्रभावको कारण भविष्यमा देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति र वित्तीय प्रणाली तथा अर्थव्यवस्थामा हुने परिवर्तनले संस्थाको कायक्रमलाई समेत प्रभाव पर्ने हुनसक्छ ।

वित्तीय संस्थाको कारोवारलाई असर पार्ने मुख्य कुराहरु देहाय बमोजिम रहेका छन् ।

१) ग्राहक सदस्य र लगानी तथा निष्क्रिय कर्जा
२) संस्थाको नीति, नियम र प्रक्रिया
३) पूँजी तथा दायित्व
४) आम्दानी तथा खर्च
५) जनशक्ति तथा व्यवस्थापन आदि ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको कैफियत उपर संचालक समितिको प्रतिक्रिया :**

लेखापरीक्षक सि.ए. श्री केशब प्रसाद न्यौपानेबाट प्रस्तुत प्रतिवेदन ठिक मनासिव रहेको बारे बैठकले नोट गरी तत्काल कैफियत सुधारको लागि सबै शाखा कार्यालयहरु लगायत केन्द्रीय कार्यालयलाई परिपत्र गर्न समितिले निर्देशन दिएको छ । संस्थाको सर्वसाधारण तर्फका संचालक श्री नविन शर्माको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरिएको छ । उक्त समितिको सदस्य सचिवमा आन्तरिक लेखापरीक्षण विभागको प्रमुख रहने व्यवस्था गरिएको छ । लेखापरीक्षण समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा वाह्य लेखापरीक्षकले पेश गरेको लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई सहयोग गर्ने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका निर्देशन तथा कैफियतहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी संचालक समितिलाई जानकारी गराउने, वित्तीय संस्थाको वार्षिक विवरणहरु सही र यथार्थपरक समेत बनाउन व्यवस्थापनलाई सहयोग गर्नु यस समितिको कार्यहरु रहेको छ ।

**(ज) लाभांश बाँडफाँड सम्बन्धमा :**

आ.ब. २०७६।७७ को साधारण सभाको स्वीकृतिको लागि लाभांश सिफारिश गरिएको छैन ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कंपनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरी कंपनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण:**

नभएको

**(ञ) विगत आर्थिक वर्षमा कंपनी र यसको सहायक कंपनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

यस वित्तीय संस्था अन्तर्गत सहायक कंपनीको रुपमा कार्य गर्ने अन्य कुनै कंपनी नभएको ।

**(ट) कंपनी तथा त्यसको सहायक कंपनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कंपनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

यस वित्तीय संस्था अन्तर्गत सहायक कंपनीको रुपमा कार्य गर्ने अन्य कुनै कंपनी नभएको ।

**(ठ) विगत आर्थिक वर्षमा कंपनीको आधारभूत शेयरधनीहरुले कंपनीलाई उपलब्ध गराएको जानकारी :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२ बमोजिम स्वः घोषणा बारे संस्थालाई जानकारी गराएको ।

**(ड) विगत आर्थिक वर्षमा कंपनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कंपनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कंपनीले प्राप्त गरेको जानकारी :**

| क्र.सं. | नाम | शेयर प्रतिशत | २०७७।३।३१ सम्म कायम शेयर स्वामित्व (रु.) |
|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | २.५० प्रतिशत | ३३.०० लाख |
| २ | श्री हिरालाल विश्वकर्मा | ७.०० प्रतिशत | ९२.४० लाख |
| ३ | श्री राजेश्वर अधिकारी | १.०० प्रतिशत | १३. २० लाख |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | ०.५० प्रतिशत | ६.६० लाख |
| ५ | श्री नविन शर्मा | - | १०.०० हजार |
| ६ | श्री निर्मला नेपाल | - | १०.०० हजार |
| ७ | श्री बालकृष्ण शर्मा | छैन | छैन |

**(ढ) विगत आर्थिक वर्षमा कंपनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

छैन ।

**(ण) कंपनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कंपनीले भुक्तानी गरेको रकम :**

छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

वित्तीय व्यवसायमा निहित जोखिमहरुलाई दृष्टिगत गर्दा सवल आन्तरिक नियन्त्रण प्रणाली हुनु अति आवश्यक हुन्छ । यस कुरामा वित्तीय संस्था सजग रहेको छ । यसर्थ वित्तीय संस्थाका सम्पूर्ण वित्तीय कारोवारहरुलाई कम्प्यूटर माध्यमबाट सञ्चालन गर्ने गरी श्री यूरानस टेक नेपालको सफ्टवेयर प्रयोग गर्ने गरेको र सफ्टवेयरको बेला बेला स्तरोन्नति गर्ने व्यवस्था मिलाईएको छ । संचालक समितिले पारित गरेको नीति, नियम र नेपाल राष्ट्र बैंकबाट जारी बैंक तथा वित्तीय संस्था सम्बन्धी निर्देशनहरु र देशको अन्य प्रचलित कानूनी व्यवस्थाहरु बमोजिम हुने गरी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरिएको छ । वित्तीय संस्थाको गैह्र कार्यकारी संचालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । यसैगरी आन्तरिक लेखापरीक्षण इकाइको व्यवस्था गरिएको छ । उक्त इकाइले नियमित रुपमा कारोवारहरुको अनुगमन तथा लेखापरीक्षण गर्ने प्रणालीको विकास गरेको छ । त्यस्तै, आजको प्रतिस्पर्धात्मक युगमा

संस्थाको प्रगतिमा मानव संशाधनको महत्वपूर्ण भूमिका रहने कुरा प्रति वित्तीय संस्था सचेत र सजग भई मानव संशाधनको व्यावसायिक शीप अभिवृद्धि गर्ने र समयानुकूल व्यवस्थित गर्न गैह्र कार्यकारी संचालकको मातहतमा एक कर्मचारी सेवा सुविधा सम्बन्धी समिति गठन गरिएको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

| | | |
|---|---|---|
| १ | कर्मचारी तलब भत्ता खर्च | रु. ३,१५,९४,१८२।- |
| २ | अन्य सञ्चालन खर्च | रु. २,३३,८०,३६१।- |
| ३ | कर्मचारी बोनस व्यवस्था | रु. ९,६०,९९९।- |

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारवाहीको विवरण र सो समितिले दिएको सुझावहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | समितिका पदाधिकारीको नाम र पद | भत्ता तथा सुविधा रु. | समितिले गरेको काम कारवाहीको विवरण | समितिले दिएको सुझाव |
|---|---|---|---|---|
| १ | श्री नविन शर्मा | ९,०००।- | आन्तरिक लेखापरीक्षण कार्य प्रगति उपर निर्देशनहरु तयारी तथा शाखाहरुको आन्तरिक लेखापरीक्षण तथा सुधारको लागि सुझाव | |
| २ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | ९,०००।- | | |
| ३ | श्री राजेश्वर अधिकारी | ४,५००।- | | |
| ४ | श्री गोकर्ण पराजुली | तलवमान | | |

**(ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कंपनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कंपनी वा संगठीत संस्थाले कंपनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

नभएको

**(न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| क्र.सं. | नाम | पद | भत्ता रु. (कर सहित) |
|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | अध्यक्ष | ३७,५००।- |
| २ | श्री हिरालाल विश्वकर्मा | संचालक | ३३,०००।- |
| ३ | श्री राजेश्वर अधिकारी | संचालक | ५२,५००।- |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | संचालक | ५२,५००।- |
| ५ | श्री नविन शर्मा | संचालक | ५१,०००।- |
| ६ | श्री निर्मला नेपाल | संचालक | ३६,०००।- |
| ७ | श्री बालकृष्ण शर्मा | विशेषज्ञ संचालक | ४०,५००।- |

पद :- प्रमुख कार्यकारी अधिकृत

| क्र.सं. | नाम | पद | पारिश्रमिक वार्षिक (कर सहित) | भत्ता | सुविधा परिवहन |
|---|---|---|---|---|---|
| १ | डा. शिबहरि श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | रु. २४,२८,५००।- (सामाजिक सुरक्षा कर रु. ४,५००।- र पारिश्रमिक कर रु. ८,३०,३९५।- गरी दुवै कर कट्टी रकम रु. ८,३४,८९५।-) अतः खूद वार्षिक पारिश्रमिक प्राप्त भएको रु. १५,९३,६०५।- | रु. ७,२०,०००।- | गाडी सुविधा तथा ईन्धन वास्तविक खर्च |

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

छैन ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरको कुराको विवरण :**

यस संस्थाको नाममा रहेको मकवानपुर जिल्ला ठिंगन गा.वि.स. वडा नं. १ (हाल बकैया गाउँपालिका वडा नं.१२) स्थित कित्ता नम्बर १५० क्षेत्रफल ६ रोपनी ८ आनाको जग्गा कितावी मूल्य रु. ६,७१,३७१।- लाई ने.रा.बै.को निर्देशन अनुसार विक्री गरिएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कंपनी वीच भएको कारोबारको विवरण :**

कंपनीको चुक्ता पूँजी ५ प्रतिशत भन्दा बढी शेयर लिने व्यक्तिहरुको विवरण :

| क्र.सं. | नाम | शेयर कित्ता संख्या | रकम (रु.) |
|---|---|---|---|
| १ | श्री नेपाल महिला उत्थान केन्द्र | २५ प्रतिशत | ३ करोड ३० लाख |
| २ | श्री एनएमवि क्यापिटल लिमिटेड | ११ प्रतिशत | १ करोड ४५ लाख २० हजार |
| ३ | श्री हिरालाल विश्वकर्मा | ७ प्रतिशत | ९२ लाख ४० हजार |

**(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

नभएको ।

## (म) अन्य आवश्यक कुराहरु

**बाह्य ऋणको अवस्था :**

| क्र. सं. | बैंकको नाम | लिएको ऋण रकम रु | तिरेको रकम रु | तिर्न बाँकी रकम रु (नियमित) | तिर्न बाँकी व्याज |
|---|---|---|---|---|---|
| १ | श्री बैंक अफ काठमाण्डु लि. | १७,१०,००,०००।- | १६,७२,५४,६५२।०७ | ३७,४५,३४७।९३ | छैन । |
| २ | श्री एनएमवि बैंक लि. | १८,६४,५०,०००।- | १७,२३,५५,६५१।५६ | १,४०,९४,३४८।४४ | |
| ३ | श्री नेपाल एसविआई बैंक लि. | ६,५०,००,०००।- | १०,८८,१०२।५४ | ६,३९,११,८९७।४६ | |
| ४ | श्री माछापुच्छ्रे बैंक लि. | ५,५०,००,०००।- | ४,०७,९३,६०८।४७ | १,४२,०६,३९१।५३ | |
| ५ | श्री नविल बैंक लि. | १३,००,००,०००।- | ६,३०,००,०००।- | ६,७०,००,०००।- | |
| ६ | श्री फस्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. | ९,००,००,०००।- | २,००,००,०००।- | ७,००,००,०००।- | |
| ७ | श्री सानिमा बैंक लि. | ३,००,००,०००।- | २,८०,६२,४२२।२९ | १९,३७,५७७।७१ | |
| ८ | श्री ग्लोवल आईएमई बैंक लि. | ७,००,००,०००।- | ० | ७,००,००,०००।- | |
| ९ | एनआइसी एशिया बैंक लि. | ८,००,००,०००।- | ४,६५,००,०००।- | १३,३५,००,०००।- | |
| १० | मेगा बैंक लि. | ७,००,००,०००।- | २,८७,०८,३३३।३० | ४,१२,९१,६६६।७० | |
| ११ | प्रभु बैंक लि. | ५,००,००,०००।- | ३,५८,४५,३२६।८२ | १,४१,५४,६७३।१८ | |
| १२ | सिभिल बैंक लि. | २०,१६,१००।- | २०,१६,१००।- | ० | |
| १३ | सेन्चुरी कमर्सियल बैंक लि. | २,००,००,०००।- | १,८४,९६४।६७ | १,९८,१५,०३५।३३ | |
| १४ | एन सि सि बैंक लि. | ५,००,००,०००।- | १५,५८,८५७।२८ | ४,८४,४१,१४२।७२ | |
| १५ | श्री आर एम डि सि | ४,६४,५०,०००।- | ४,६४,५०,०००।- | ० | |
| | **जम्मा रु,** | **१,२१,५९,१६,१००।-** | **६५,३८,१८,०१९।-** | **५६,२०,९८,०८१।-** | |

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १५
# (नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

**१. संचालक समितिको प्रतिवेदन :**

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

**२. लेखापरीक्षकको प्रतिवेदन :**

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण :**

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

**४. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) गत आ.व. को अवधीमा यस वित्तीय संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए :-

संस्थाको जानकारीमा नभएको ।

(ख) यस संस्थाको संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए: संस्थाको जानकारीमा नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:- संस्थाको जानकारीमा नभएको ।

**५. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : नेपाल धितोपत्र बोर्डको रेखदेखमा धितोपत्र बजारमा खुल्ला बजारले निर्धारण गरे अनुरुप कारोवार हुने हुँदा वित्तीय संस्थाको व्यवस्थापन तटस्थ छ ।

ख) गत बर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिन : गत आर्थिक बर्षमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार भएको दिनको विवरण ( नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट अनुसार) निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | २०७६ असार मसान्त | २०७७ असार मसान्त |
|---|---|---|---|
| १ | अधिकतम मूल्य रु./कित्ता | ८६१।- | ९८०।- |
| २ | न्यूनतम मूल्य रु./कित्ता | ५०५।- | ६९९।- |
| ३ | अन्तिम मूल्य रु./कित्ता | ५३२।- | ९५५।- |
| ४ | कारोवार संख्या | ९८,८७२ | ८,७५३ |
| ५ | कारोवार भएको दिन | ९१ | १३ |

६. **समस्या तथा चुनौतीहरु :**

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

७. **संस्थागत सुशासन :**

संचालक समितिको प्रतिवेदन अन्तर्गत सम्बन्धित शीर्षकमा उल्लेख गरिएको छ ।

८. **विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण :**

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

**K. P. N. & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

GPO Box: 3738
House No. 65, Kumari Marga-6
Dillibazar, Kathmandu, Nepal

## सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष
## लेखापरीक्षकको प्रतिबेदन

हाम्रो मिति २०७७/०९/०२ को प्रतिबेदन साथ प्रस्तुत २०७७ साल आषाढ ३१ गते समाप्त आर्थिक वर्षको बित्तिय विवरणहरुमा नेपाल राष्ट्र बैंक (लघुवित्त संस्था सुपरिवेक्षण विभाग) को मिति २०७७/०९/०६ को पत्रबाट निर्देशित आवश्यक समायोजन गरी पेश गरिएको वित्तिय विवरण परीक्षण गरी निम्नानुसारको प्रतिवेदन पुन: पेश गरेका छौं ।

**१. लेखापरीक्षकको राय**

| १. डा.शिवहरि श्रेष्ठ | - | - | २,५८,३३०.०० | ३९,५३५.०० | ६,२०,०००.०० | ३,६१,६७०.०० | |
| २. | | | | | | | |
| ग) संस्थापक | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| घ) कर्मचारी | | | | | | | |
| १. बेलमाया मगर | - | - | १,२९,९४१.०० | ३०,२४३.०० | ५,५६,८७५.०० | ४,२६,९३४.०० | |
| २. सुमन महर्जन | - | - | १,०२,८९०.०० | १६,८२७.०० | २,४६,९१८.०० | १,४४,०२८.०० | |
| ३. सुमन दनुवार | - | - | १,१७,०५४.०० | २०,५२७.०० | ३,२९,२२०.०० | २,१२,१६६.०० | |
| ४. ललित कुमार रावल | - | - | ५९,३३९.०० | १४,२९७.०० | २,५४,२९५.०० | १,९४,९५६.०० | |
| ५. लिलामाया तामाङ | - | - | ७०,०७०.०० | १६,८८५.०० | ३,००,३१२.०० | २,३०,२४२.०० | |
| ६. रमेश पौड्याल | - | - | ४६,६६९.०० | ११,२४५.०० | २,००,०००.०० | १,५३,३३१.०० | |
| ७. बल बहादुर माझी | - | - | ३६,३८६.०० | ८,७६८.०० | १,५५,९२८.०० | १,१९,५४२.०० | |
| ८. ज्ञानु दनुवार | - | - | ३६,३८६.०० | ८,७६८.०० | १,५५,९२८.०० | १,१९,५४२.०० | |
| ९. सानुमैया कसिछुवा | - | - | २,९०,०००.०० | ९,७७८.०० | २,९०,०००.०० | - | |
| १० देवलक्ष्मी थापा | - | - | ४९,०००.०० | १०,५९९.०० | २,१०,०००.०० | १,६१,०००.०० | |
| ११. सबिना मोक्तान | - | - | ३५,०००.०० | ७,५७०.०० | १,५०,०००.०० | १,१५,०००.०० | |
| ङ) शेयरधनीहरु | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| जम्मा | - | - | १२,३१,०६५.०० | १,९५,०४२.०० | ३४,६९,४७५.०० | २२,३८,४११.०० | - |



# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## पूंजीकोष तालिका

(२०७७ असार मसान्त)

अनुसूची ४.२४

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **(क) प्राथमिक पूंजी** | **१३३,९७८,५९४** | **१२७,८१६,१६२** |
| १) चुक्ता पूंजी (साधारण शेयर) | १३२,०००,००० | १००,०००,००० |
| २) प्रस्तावित बोनस शेयर | - | ३२,०००,००० |
| ३) शेयर प्रिमियम | - | - |
| ४) फिर्ता नहुने अग्राधिकार शेयर | - | - |
| ५) साधारण जगेडा कोष | १२,२५३,९८७ | १०,९२४,९३५ |
| ६) संचित नाफा/(नोक्सान) | - | - |
| ७) वासलातमा देखाईएको चालु आ.व. को नाफा नोक्सान हिसाबको रकम | ५,७६६,४१० | १,०९३,७५४ |
| ८) पूंजी फिर्ता जगेडा कोष | - | - |
| ९) पूंजी समायोजन कोष | - | - |
| १०) कल्स इन एडभान्स | - | - |
| ११) अन्य स्वतन्त्र कोषहरु | - | - |
| **घटाउने:** | | |
| - ख्याति (Goodwill) बापतको रकम | - | - |
| - स्थगन कर सम्पत्ति | २,९५७,६८३ | २,४४७,०३६ |
| - सीमाभन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम | - | - |
| - वित्तीय स्वार्थ रहेको कम्पनीको धितोपत्रमा लगानी गरेको रकम | - | - |
| - अवास्तविक सम्पत्ति | - | - |
| - यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम | १३,०८४,१२० | १३,७५५,४९१ |
| - प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेका व्यक्ति तथा समुहहरुलाई प्रदान गरेको कर्जा तथा सुविधाहरु | - | - |
| **(ख) पुरक पूंजी** | **१४,८५३,८०९** | **८,९७२,१३२** |
| १) सकृय कर्जाको लागि गरेको कर्जा नोक्सानी व्यवस्था | १२,३७५,२२७ | ८,९७२,१३२ |
| २) अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | २,४७८,५८२ | - |
| ३) हाइब्रिड पूंजी उपकरणहरु | - | - |
| ४) सुरक्षण नराखेको सहायक आवधिक ऋण | - | - |
| ५) सम्पत्ति पुर्नमूल्यांकन कोष | - | - |
| ६) लगानी समायोजन कोष | - | - |
| **(ग) जम्मा पूंजीकोष (क + ख)** | **१४८,८३२,४०३** | **१३६,७८८,२९४** |
| (घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्युनतम पूंजीकोष | - | - |
| पूंजीकोष (८ प्रतिशत) | ९५,०६४,९९२ | ७६,९१९,१५७ |
| प्राथमिक पूंजी (४ प्रतिशत) | ४७,५३२,४९६ | ३८,४५९,५७८ |
| पूंजीकोष अधिक/न्यून (४.५२ प्रतिशतले) | ५३,७६७,४११ | ५९,८६९,१३७ |
| प्राथमिक पूंजी अधिक/न्यून (७.२७ प्रतिशतले) | ८६,४४६,०९८ | ८९,३५६,५८४ |

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## जोखिम भारित सम्पत्ति विवरण तालिका

(२०७७ असार मसान्त)

अनुसूची ४.२४ (क)

| क.सं | क) वासलात भित्रका सम्पत्तिहरु (On-Balance-Sheet Assets) | भार | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|---|
| | | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| १ | नगद मौज्दात | ० | ४,८२३,४२० | - | ४,४९५,२६८ | - |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | - | | - |
| ३ | नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | - | | - |
| ४ | नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | - | | - |
| ५ | आफ्नै मुद्दती रसिदको धितोमा पुर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्धती रसिद धितो कर्जा | ० | | - | | - |
| ६ | सरकारी सुरक्षणपत्रको धितोमा पुर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | - | | - |
| ७ | सरकारी सुरक्षणपत्रको पाउनुपर्ने ब्याज रकम (Accrued Interest) | ० | | - | | - |
| ८ | बैंक, वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्धती रसिदको दावी (Claims)* | २० | ११२,१२४,८५० | २२,४२४,९७० | ९१,८३८,९६१ | १८,३६७,७९२ |
| ९ | मागेको बखत प्राप्त हुने रकम (Money at call) | २० | | - | | - |
| १० | अन्तर बैंक/संस्था सापटी | २० | | - | | - |
| ११ | शेयर, डिबेन्चर एवम् बन्डमा भएको लगानी | १०० | | - | | - |
| १२ | अन्य लगानीहरु | १०० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० |
| १३ | कर्जा, सापट (कुल रकम)ड्ड | १०० | १,१०८,६६०,३८५ | १,१०८,६६०,३८५ | ९१२,०६५,४८७ | ९१२,०६५,४८७ |
| १४ | स्थिर सम्पत्तिहरु | १०० | २२,६३३,०५३ | २२,६३३,०५३ | २३,४३९,३८९ | २३,४३९,३८९ |
| १५ | पाउनु पर्ने अन्य खुद ब्याज रकम (कुल पाउनुपर्ने ब्याज सरकारी ऋणपत्र तथा बचत पत्रको ब्याज ब्याज मुल्तबी) | १०० | | - | | - |
| १६ | अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला बाहेक) | १०० | ८,४४०,३४६ | ८,४४०,३४६ | ६,६१६,७९० | ६,६१६,७९० |
| | (क) जम्मा | | १,२५७,६८२,०५४ | १,१६३,१५८,७५४ | १,०३९,४५५,८९५ | ९६१,४८९,४५८ |

**ख वासलात बाहिरका कारोबारहरु (Off-balance Sheet Items)**

| क.सं | वासलात बाहिरका कारोबारहरु (Off-balance Sheet Items) | भार | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|---|
| | | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| १ | जमानत | १०० | - | - | - | - |
| २ | अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | - | - | - | - |
| ३ | आयकर बापत सम्भावित दायित्व | १०० | - | - | - | - |
| ४ | Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | - | - | - | - |
| ५ | चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | - | - | - | - |
| ६ | भुक्तानीको लागि दाबी परेको जमानत | २०० | - | - | - | - |
| ७ | संस्था उपर दावी तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | - | - | - | - |
| ८ | सञ्चालन जोखिम बापत कुल सम्पत्तिको २ प्रतिशत | १०० | २५,१५३,६४१ | २५,१५३,६४१ | - | - |
| | (ख) जम्मा | | २५,१५३,६४१.०८ | २५,१५३,६४१.०८ | - | - |
| | कुल जोखिम भारित सम्पत्ति जम्मा (क) प्लस (ख) | | १,२८२,८३५,६९५ | १,१८८,३१२,३९५ | १,०३९,४५५,८९५ | ९६१,४८९,४५८ |

K. Pal & Associates
Kathmandu
Chartered Accountants

सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
२०७० पाँचखाल
काभ्रेपलाञ्चोक
SAMUDAYIK LAGHUBITTA BITTIYA SANSTHA LTD.

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**प्रमुख लेखा नीतिहरु**
**आ.व. २०७६/७७**

**अनुसूचि ४.२६**

क) **सामान्य जानकारी :**

सामुदायिक लघुवित्त वित्तीय संस्था (यस पछि वित्तिय संस्था भनिएको) कम्पनी ऐन २०६३ अर्न्तगत पब्लिक लिमिटेड कम्पनीको रुपमा (मिति २०७०/०३/२८ दर्ता नं.११४०२९/२०६९/७०) दर्ता भएको कम्पनी हो । यस बैंकले मिति २०७० चैत्र ३० गते नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको वित्तिय संस्थाको रुपमा कारोबार सञ्चालन ईजाजत पत्र प्राप्त गरेको हो । यस वित्तिय संस्थाको कार्यक्षेत्र काभ्रेपलान्चोक, सिन्धुपलान्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु, ओखलढुंगा, नुवाकोट, खोटाङ्ग, भोजपुर र संखुवासभा गरी १० जिल्ला रहेको छ । नेपाल महिला उत्थान केन्द्र नामक गैर सरकारी संस्थाबाट वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन २०५५ (संसोधन सहित) बमोजिम नेपाल राष्ट्र बैंक संग अनुमति लिई हालसम्म गरिएका वित्तीय मध्यस्थताका कार्यहरु यस वित्तिय संस्थामा समाहित गराउने प्रतिवद्धता गरी यसले श्रावण १, २०७१ मा उक्त नेपाल महिला उत्थान केन्द्रका सम्पत्ति तथा दायित्वहरुलाई आफ्नो सम्पत्ति र दायित्वहरुमा समाहित गरेको छ । यस वित्तिय संस्थाको १० जिल्लामा ३६ शाखा कार्यालयहरु संचालनमा रहेका छन् । यो बार्षिक प्रतिवेदनमा मिति २०७६ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्मको कारोवार समावेस गरिएको छ ।

**सञ्चालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

सलंग्न यस संस्थाको आ.व. २०७६/७७ को वित्तीय विवरणहरू वित्तिय संस्थाको सञ्चालक समितिले मिति पौष २, २०७७ गते वित्तिय विवरणहरु स्वीकृत गरिएको छ । नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार र प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**प्रमुख कारोवारहरु**

यस वित्तिय संस्थाले लघुवित्त कारोबार र अन्य वित्तिय कारोबारहरु बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गर्दै आइरहेको छ । कार्यक्षेत्र भरका शाखा मार्फत वित्तिय संस्थाले विभिन्न किसिमका सुविधा तथा सेवाहरु आफ्ना ग्राहकहरुलाई प्रदान गर्दै आएको छ । हाल बैंकको ३६ बटा शाखाहरु बाट सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

ख) **प्रमुख लेखा नीतिहरु :**

सलग्न आर्थिक विवरणहरु अन्यथा उल्लेख भएका बाहेक लेखाका सर्वमान्य सिद्धान्त, नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको नेपाल लेखामानहरु, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३ र समय समयमा नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा परिपत्र अनुसार तयार पारिएका छन् । बैंकले अवलम्बन गरेको प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु देहाय बमोजिम रहेकाछन् ।

१. **ह्रासकट्टी नीति**

(क) स्थिर सम्पत्ति ह्रासकट्टी पश्चात् देखाइएको छ ।

(ख) यस आर्थिक वर्षमा घट्दो ह्रास प्रणाली अनुसार ह्रास कट्टी गरिएको छ । प्रति एकाई रु. १,०००/- वा सो भन्दा कम मूल्य पर्ने सम्पत्तिहरुलाई खरिद भएकै वर्षमा खर्च लेख्ने गरिएको छ । स्थिर सम्पत्तिमा ह्रास कट्टी निम्न दरहरुमा गरिएको छ ।

| स्थिर सम्पत्तिको प्रकृति | प्रतिशत |
|---|---|
| कार्यालय उपकरण | २५ |
| काठको फर्निचर | २५ |
| धातुको फर्निचर | २५ |
| सवारी साधनहरु | २० |
| कम्प्यूटर (प्रिन्टर सहित) | २५ |

(ग) पट्टामा लिइएका भवनमा गरिएका खर्चहरु दश वर्ष ननाघ्ने गरी पट्टा अवधि भित्रै खर्च गर्ने गरी परिशोधन गरिएकोछ ।

२. **आयकर व्यवस्था नीति**

**(क) चालु वर्षको आयकर दायित्व**

आयकर ऐन, २०५८ तथा संशोधित नियमहरुको व्यवस्था बमोजिम आयकरको व्यवस्था गरिएकोछ । आयकर मूल्याङ्कनको लागि संस्थाले खुद मुनाफामा आयकर ऐन र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी अलगै करयोग्य आम्दानी निर्धारण गर्ने नीति लिईएकोछ । प्रस्तुत आ.ब.मा जम्मा रु.३४,७५,३८१।- आयकर व्यवस्था गरिएकोछ भने अग्रिम आयकर भुक्तानी बापत रु. १,१४,७९,१०५।- गरिएको हुनाले आगामी आ.ब. २०७७/७८ को लागि जम्मा ८०,०३,७२४।- आयकर भुक्तानीमा समायोजन गरिनेछ ।

**(ख) स्थगन कर**

नेपाल लेखामान १२ – आयकर अनुसार सम्पत्ति तथा दायित्वको कर आधार र वित्तीय विवरणमा लेखांकन भएको रकम बीच श्रृजना भएको अस्थायी फरक रकममा आयकर ऐन २०५८ अनुसारको दरमा स्थगन करको व्यवस्था गरिएको छ । स्थगन कर गणना गर्दा सम्बन्धित स्थगन कर सम्पत्ति तथा दायित्व फछ्र्यौट गर्दाको बखत लागू हुने करको दर प्रयोग गरी लेखांकन गर्ने नीति अख्तियार गरिएको छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दाबी गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएमा मात्र सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ ।

**लगानी सम्बन्धी नीति**

"लगानी" अन्तर्गत अल्पकालीन तथा दीर्घकालीन प्लेसमेण्ट, छोटो सूचना अवधिमा प्राप्त हुने रकम, सरकारी सुरक्षणपत्रहरु (विकास ऋणपत्र तथा ट्रेजरी बिल्स), बण्ड, डिबेञ्चर, सामूहिक कोषको लगानी तथा सहायक कम्पनी तथा अन्य संगठित संस्थाको शेयरमा गरिएको लगानी

आदि पर्दछन् । यी लगानीहरुलाई शुरुमा लागत मूल्यमा, खरीद गर्दा ब्यहोरेको खर्च समेत समावेश गरी, बजार मूल्यको उचित प्रतिफल मानी गणना गरिएको छ ।

४. **सटही घटबढ समायोजन नीति**
संस्थाले बिदेशी मुद्रा कारोवार गर्ने गरेको छैन ।

५. **गैर-बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीति**
कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउने नीति लिईएकोछ । संस्थाले कर्जा असुल उपर गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा संस्थाले सकार गर्न सकिने र सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिन सम्मको सम्पूर्ण लेना रकममध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्ने नीति लिईएकोछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकम भन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक बर्षमा नाफा/नोक्सान हिसाबमा खर्च लेखी सोही व्यहोरा लेखा नीतिमा उल्लेख गर्ने नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप हुन नीति लिईएकोछ । यस बर्ष वित्तीय संस्थाले कुनै पनि गैर बैंकिङ्ग सम्पत्ति सकार गरेको छैन ।

६. **पुंजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति**
संस्थाले कुनै निश्चित मोलसम्म पर्ने उपकरण, सामानहरु पुंजीकृत नगर्ने नीति लिएको छ ।

७. **आम्दानी/खर्च लेखाङ्कन गर्ने नीति :**

संस्थाले कुनै पनि आय/खर्चलाई सामान्यतया प्रादभावी आधारमा आय/खर्च जनाउनु पर्नेछ ।

**आम्दानी तर्फ :**

**(क) ब्याज**
कर्जा/सापटीमा आर्जित ब्याजलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिन्छ, जुन नेपाल लेखामान बमोजिम ब्याज आम्दानीलाई प्रभावकारी ब्याज गणना विधि (Effective Interest Method) अनुसार लेखाङ्कन गर्नुपर्ने सिद्धान्त अनुरुप छैन ।

**(ख) कमिशन**
कमिशन र अन्य आम्दानी आर्जित लेखा सिद्धान्त (Accrual Basis) मा आम्दानी जनाउने नीति रहेको छ ।

**(ग) लगानीबाट भएको आम्दानी सम्बन्धी नीति**
मुद्धति निक्षेप लगानीबाट प्राप्त हुने ब्याजलाई उपार्जनको आधारमा (Accrual Basis) आम्दानी जनाउने नीति लिईएको छ ।

**(घ) लाभांश आम्दानी**
शेयर लगानीको लाभांशलाई लाभांश प्राप्त हुने अधिकार स्थापित भए पछि आम्दानीमा समावेश गर्ने नीति लिएकोछ । यस आर्थिक बर्षमा कुनै लाभांश आम्दानी छैन ।

(ङ) अन्य ग्राहक सेवा सम्बन्धी आयलाई नगद प्राप्तीको आधारमा आम्दानी जनाइएको छ ।

**खर्च तर्फ**

(क) सर्वमान्य लेखा सिद्धान्तको आधारमा सम्पूर्ण नगद भुक्तान भएको खर्च र भुक्तान हुनुपर्ने खर्चलाई समेत खर्चकोरुपमा लेखांकन गर्ने नीति रहेको छ ।

(ख) सम्पूर्ण निक्षेपमा समयको आधारमा तिर्नुपर्ने ब्याजलाई खर्च मानी खर्च व्यवस्था गरिएको छ।

८. **सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा असुली हुन नसक्ने कर्जाहरुको अपलेखन नीति**

कर्जा सापट तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल कर्जा तथा सापटमा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सापटको असुलीको अवस्थाको आधारमा वर्गिकरण गरी सोही अनुरुप कर्जा नोक्सानी व्यवस्था गरिएको छ । यस अनुरुप यस संस्थाले कुल कर्जा नोक्सानी व्यवस्था २०७७ आषाढ मसान्त सम्म रु.४,८९,०४,४९७ (गत बर्ष रु. १,८९,६०,९७०) रहेको छ । यस वर्ष संस्थाले कुनै पनि कर्जा अपलेखन गरेको छैन ।

९. **कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था**

सम्बन्धित ऋणीबाट रकम असुलउपर गर्दा त्यस्तो असुल रकममध्येबाट सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रुपमा असुलउपर भएपछिको अवस्थामा मात्र बाँकी रकम साँवामा आवश्यक हिसाब मिलान गर्न सक्नेछ । तर खराब कर्जाहरुको सन्दर्भमा उपर्युक्त व्यवस्था लागु हुने छैन ।

१०. **अन्य नीतिहरु**

क. **सञ्चित विदा, औषधि उपचार तथा उपदान खर्च**

संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको उपदान कोष साथै अन्य कर्मचारीहरुको विदा तथा औषधि उपचार वापतको रकमहरु बित्तिय संस्थाको कर्मचारी सेवा विनियमावलिमा भएको व्यवस्था वमोजिम प्रोदभावी (Accrual) आधारमा लेखांकन गर्ने नीति रहेको छ ।

ख. **मसलन्द खर्च**

कार्यालय प्रयोजनका लागि खरिद गरिएका मसलन्द उपभोग भएको आधारमा खर्च लेख्ने नीति रहेको छ ।

ग. **लिजहोल्ड सम्पत्ति**

संस्थाको लिजहोल्ड सम्पत्ती यस बर्षसम्म रहेको छैन ।

**सम्भावित दायित्व**

संस्थाको यस आर्थिक बर्षसम्म सम्भावित दायित्व रहेको छैन ।

**नगद र नगद सरह**

नगद र नगद सरहमा बैंकमा रहेको नगद मौज्दात, नेपाल राष्ट्र बैंकको खाता तथा अन्य बैंक तथा वित्तीय संस्थासंग रहेको चल्ती तथा बचत खातामा रहेको रकमलाई जनाउँछ ।

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**लेखा सम्बन्धी टिप्पणीहरु**
**आ.ब. २०७६/७७**

**अनुसूचि ४.२७**

१. यस आर्थिक बर्षमा कर्जा प्रवाह, असुली र अपलेखन गरिएको कर्जा तथा सापटको विवरण निम्न अनुसार छ ।

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| गत आ.ब. २०७५/७६ को बांकी कर्जा | **९१,२०,६५,४८७** | ७३,४६,२३,६६० |
| बर्ष भरि प्रवाह गरिएको कर्जा | १,१८,५५,२२,२९० | १,३५,८३,१९,३७२ |
| बर्ष भरिमा असुली गरिएको कर्जा | ९८,८९,२७,३९२ | १,१८,०८,७७,५४५ |
| **यस आ.ब.२०७६/७७ मा बांकी कर्जा** | **१,१०,८६,६०,३८५** | **९१,२०,६५,४८७** |
| बर्षभरिमा मिनाहा गरिएको साँवा | छैन | छैन |
| बर्षभरिमा मिनाहा गरिएको व्याज | छैन | छैन |

२. निक्षेप दायित्व अन्तर्गत प्रत्येक शिर्षकमा बर्षभरिमा परिवर्तन भएको रकमको संक्षिप्त विवरण:

| विवरण | २०७७ आषाढ मसान्त सम्मको मौज्दात | २०७६ आषाढ मसान्त सम्मको मौज्दात |
|---|---|---|
| समुह बचत | २३,५६,८९,२०६ | १९,४७,१९,४३९ |
| व्यक्तिगत बचत | ४,८४,४३,६९३ | ४,९१,४६,०३७ |
| केन्द्रकोष बचत | ८४,२९,४३६ | ९२,९९,१७२ |
| शिक्षा तथा पेन्सन बचत | ८,१६,२४,४१९ | ६,६४,४४,५९५ |
| उपकार बचत | २२,५८,०१८ | २०,१५,६५२ |
| नारी/पर्ब बचत | ३६,४५,११७ | २९,७९,५०२ |
| सामुदायिक बिशेष बचत | ४,८६,८३,७०३ | २,६०,३६,६२३ |
| कैलाशनाथ बचत | २४,०२,३११ | १०,११,३८१ |
| **जम्मा निक्षेप दायित्व** | ४३,११,७५,९०३ | ३५,१६,५२,४०१ |

३. निक्षेप, बचत तथा सापटी र कर्जाको भारित औषत व्याजदर अन्तर

| विवरण | दर प्रतिशत |
|---|---|
| कर्जाको भारित औषत व्याजदर | १६.३२% |
| निक्षेपको औषत व्याज दर | ६.७६% |
| सापटीको औषत व्याजदर | ११.५७% |
| **निक्षेप, बचत तथा सापटीको औसत व्याज दर** | ९.१७% |
| **खुद अन्तर** | ७.१५% |

४. अपलेखन हुन बाँकी खर्चको विवरण नभएको ।

५. संस्थाको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोवार र वासलात बाहिरको कारोवार कुनै एक व्यक्ति, परिवार बा संस्थामा तोकिएको सीमाभन्दा बढी अधिकेन्द्रित भएको विवरण नभएको ।

६. तरलता सम्बन्धी जोखिम न्यूनीकरण गर्न संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधिको आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नुपर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप सम्पत्ति र दायित्वको बर्गीकरण गरिएको विवरण नभएको ।

७. संस्थाले सुरक्षणका रुपमा आफनो सम्पत्ति धितो राखी कूनै ऋण वा सापटी लिएको छैन । संस्थाले अन्य बैंक तथा बित्तीय संस्थाहरुलाई तिर्न बाँकी कर्जा सापट जम्मा रु. ५६,२०,९८,०८१ (गत बर्ष रु. ४४,६७,५५,२१९) रहेको छ ।

८. गैर-बैंकिङ्ग सम्पत्ति सम्बन्धी विवरण अन्तरगत संस्थाको नाममा रहेको मकवानपुर जिल्ला ठिंगन गा.बि.स वडा नम्बर १ (हाल बकैया गाँउपालिका वडा नम्बर १२) स्थित जग्गा किताबी मूल्य जम्मा रु.६,७१,३७१।- रहेको बिक्री गरिएकोछ । हाल यस संस्थाको नाममा रहेको पाँचखाल, काभ्रेपलाञ्चोक स्थित जग्गा किताबी मूल्य जम्मा रु. १,३०,८४,१२०।- खुद बाँकी रहेकोछ ।

९. चुक्तापुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त, भुक्तानी प्राप्त हुन बाँकी र जफत गरिएका तर पुनःनिष्काशन नगरिसकेका शेयरहरु नभएको ।

१०. लिजहोल्ड सम्पत्तिमा गत बर्षसम्म र यस बर्ष अपलेखन गरिएको रकम नभएको ।

११. वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने जानकारी दिन आवश्यक देखिएका अन्य विवरण
क. संस्थाको सम्पुर्ण वित्तीय विवरणहरु नेपाली रुपैंयामा तयार गरिएको छ ।

१२. संस्थाको एजेन्सी मौज्दात बाँकी नभएको ।

१३ संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरुलाई प्रदान गरिएको पारिश्रमिक तथा अन्य सुविधाहरु (सर्म्पूण भ्रमण खर्च समेत)
मिति २०७५ आषाढ ५ गतेबाट डा. शिबहरि श्रेष्ठलाई संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गरिएको छ । प्रस्तुत आ.व.मा निजलाई भुक्तानी गरिएको कुल पारिश्रमिक रु.३१,४८,५००।- रहेको छ र संस्थाको सञ्चालकहरुलाई प्रदान गरिएको बैठक भत्ता बापतको पारिश्रमिक रु.३,०७,४००।- रहेकोछ ।

१४. संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको सीमा भित्र रही लघु कर्जा प्रवाह गरेको छ । यसै गरी संस्थाले स्वीकारयोग्य धितोलिई लघुउद्यम कर्जा प्रवाह गरेको छ ।

१५. नेपाल राष्ट्र बैंकको निर्देशानुसार राख्नुपर्ने पुंजीकोष र तरलता कायम राखि नेपाल राष्ट्र बैंकमा सो को प्रतिवेदन पेश गर्ने गरिएकोछ ।

K.P.N. & Associates Kathmandu Chartered Accountants

१६. साधारण जगेडा कोष
बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार आयकर पछाडीको खुद मुनाफाको २० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा सार्ने नीति अवलम्वन गरिएको छ।

१७. बोनस व्यवस्था
कर्मचारी बोनस वापत खुद नाफाको १० प्रतिशत व्यवस्था गरीएको छ।

१८. कर्मचारी संचित विदा व्यवस्था:
यस बर्ष संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार संचित विदा वापतको दायित्वको व्यवस्था गर्ने गरीएको छ।

१९. पेन्सन तथा उपदान कोष
संस्थाको कर्मचारी नियमावली अनुसार पेन्सन तथा उपदान कोष बापतको दायित्वको व्यवस्था गरीएको छ।

२०. आय कर
क) स्थगन कर सम्पत्ति/दायीत्व:
स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दाबी गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएमा मात्रसम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ।

ख) आयकर ऐन तथा नियमावली अनुरुप कर्जा नोक्सानी व्यवस्था कूल कर्जाको ५ प्रतिशत सम्म खर्च मान्य हुने हुंदा आर्थिक विवरणमा लेखांङ्कित रकम सोहि सिमा भित्र रहेकोले कर आधारमा फरक देखिएको छैन।

२१. यस बित्तिय संस्थाको नियम अनुसार कर्जा लगानी गर्दा कुल कर्जा रकमको २ प्रतिशतका दरले सेवा शुल्क लिने नीति रहेको छ। संस्थाको सेवा शुल्क आम्दानी यस बर्ष रु.२,३६,८६,८०३ (गत बर्ष रु. २,२५,५५,३२६) रहेको छ।

२२. बिगत बर्षका अंकहरु आवश्यकता अनुसार पुन: बर्गिकरण गरिएको छ।

२३. ग्राहक संरक्षण कोषमा प्रस्तुत आ.ब.मा जम्मा रु.६,२३,७००।- (जीवन तथा आवास सुरक्षण बापत) प्राप्त भएको जुन रकम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ग्राहक संरक्षण कोषमा समाहित गरिएको तथा प्रस्तुत आ.ब.मा जम्मा रु. २,१९,५००।- ग्राहक संरक्षण कोषबाट ग्राहकहरुको हितमा खर्च भएकोछ । ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक बर्षको नाफाबाट जम्मा हुने रकम (गत बर्षको रु.२,३०,६०७।-) को न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक बर्षमा खर्च गर्नु पर्नेमा जम्मा रु २,१९,५००।- खर्च भएकोले ९५ प्रतिशत भएकोछ।

२४. सामाजिक उत्तरदायित्व कोषबाट गरेको खर्च जम्मा रु.२,९१,६६७।- रहेकोछ । जसमा प्रत्यक्ष अनुदान खर्च रु ८७,०६७।- र विभिन्न स्थानीय निकाय अन्तरगत रहेको कोभिड कोषमा जम्मा रु. २,०४,६००।- भुक्तानी दिई खर्च भएकोछ । साथै २०७७ असार मसान्तसम्ममा बाँकी रकम रु.१,६५,४७१।- कोभिड कोषमा रकमान्तर गरिएको छैन ।

२५. कर्मचारी दक्षता अभिबृद्धि कोष गत बर्षमा रु. ६,०९,६४५।- रहेकोमा उक्त कोषबाट खर्च गरिएको छैन प्रस्तुत आ.ब. मा सोही रकम बाँकी रहेकोछ । तर प्रस्तुत आ.ब.मा कर्मचारी तालिम खर्च जम्मा रु.९,९९,३४२।- गरिएकोछ ।

२६. आ.ब. २०७६/७७ मा संस्थाले व्याजमा छुट दिएको जम्मा रु.६७,५७,२३३।९६ रहेकोछ जसमा निर्देशन बमोजिमको व्याजछुट दिईएको हो । संस्थाले बाह्य सापटीमा प्राप्त गरेको छुट जम्मा रु.६,९४,६१९।६५ रहेकोछ ।

२७. नेपाल राष्ट्र बैंकको मिति २०७७/०४/१३ मा जारी भएको परिपत्र बमोजिम कर्जा नोक्सानी व्यवस्था गर्दा भएको कर्जा नोक्सानी व्यवस्था जम्मा रु.७७,४८,५७२।- रहेकोछ । जसमा २ प्रतिशत र ५ प्रतिशत रहेको कर्जा नोक्सानी व्यवस्था क्रमश: ४३,२५,००४।- र ३४,२३,५६८।- रहेकोछ । साथै नेपाल राष्ट्र बैंकको साबिकको निर्देशन बमोजिमको कर्जा नोक्सानी व्यवस्था जम्मा रु.३,८६,७७,३४३।- रहेकोछ ।

२८. नेपाल राष्ट्र बैंकको मिति २०७७/०४/१३ मा जारी भएको परिपत्र बमोजिम व्याजदर १५ प्रतिशत मिति २०७७/०४/१३ गतेदेखिनै लागु गरिएकोछ तथा सेवाशुल्क १.५ प्रतिशत मिति २०७७/४/२५ गतेदेखि लागु गरिएकोछ ।

२९. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रमा कर्जा सूचना नपठाइएको कर्जामा २ प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था भए बमोजिम संस्थाको कर्जा सूचना केन्द्रमा अध्यावधिक भएको रु. ९८,४७ र संस्थाले कर्जा सूचनाको अध्यावधिक नभएको (भ्यालिडेसन ईरर) जम्मा रु १२,३९,२९,११३ कर्जाको २ प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था बापत जम्मा रु. २४,७८,५८२।- समावेश गरिएकोछ ।

K.P.N. & Associates
Kathmandu
Chartered Accountants

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

२०७७ असार मसान्त

अनुसूची ४.२८

| क. सं. | संस्थापक/संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चूक्ता पूंजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक/ वित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| | | | | | | | |

अनुसूची ४.२९

## Samudayik Laghubitta Bittiya Sanstha Limited

Comparison of Unaudited and Audited Financial Statement of FY 2076/77

(Rs. in '000)

| S.N. | Particulars | As per Unaudited Financial Statement | As per Audited Financial Statement | Variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In % | |
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | 12,75,991 | 12,20,249 | | | |
| 1.1 | Paid-up Capital | 1,32,000 | 1,32,000 | - | 0% | |
| 1.2 | Reserves and Surplus | 56,188 | 50,383 | 5,805 | 10% | Due to change in profits and client protection fund. |
| 1.3 | Debenture and Bond | | - | - | | |
| 1.4 | Borrowings | 5,62,098 | 5,62,098 | (0) | 0.00% | |
| 1.5 | Deposits (a+b) | | | - | | |
| | a. Members | 4,31,176 | 4,31,176 | 0 | 0.00% | |
| | b. Public | | | - | | |
| 1.6 | Income Tax Liabilities | - | 3,475 | (3,475) | #DIV/0! | Tax provision calculated as per Act & Net off with Adv Tax |
| 1.7 | Other Liabilities | 94,529 | 41,117 | 53,412 | 57% | Regrouping, transferred to reserve and other misc adjustments. |
| 2 | **Total Assets (2.1 to 2.7)** | 12,75,991 | 12,20,249 | 55,741 | | |
| 2.1 | Cash & Bank Balance | 1,16,943 | 1,16,948 | (5) | 0% | |
| 2.2 | Money at call and short Notice | | | - | | |
| 2.3 | Investments | 1,000 | 1,000 | - | | |
| 2.4 | Loans & Advances | 11,08,660 | 10,59,756 | 48,905 | 4% | Gross Loan and Net Loan treated |
| 2.5 | Fixed Assets | 22,627 | 22,633 | (6) | 0% | Minor Adjustments |
| 2.6 | Non Banking Assets | - | | - | | |
| 2.7 | Other Assets | 26,761 | 19,912 | 6,849 | 26% | Regrouping and other misc adjustments |
| 3 | **Profit and Loss Account** | | | - | | |
| 3.1 | Interest income | 1,68,865 | 1,68,871 | (6) | 0% | Minor Adjustments |
| 3.2 | Interest Expense | 84,824 | 84,824 | 0 | 0% | |
| A | **Net Interest Income (3.1-3.2)** | 84,041 | 84,046 | (6) | 0% | |
| 3.3 | Fees Commission and Discount | 778 | - | 778 | | |
| 3.4 | Other Operating Income | 24,958 | 25,873 | (915) | -4% | Fees commission and discount amount adjustments |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | - | | |
| B | **Total Operating Income (A+3.3+3.4+3** | 1,09,776 | 1,09,919 | (143) | 0% | |
| 3.6 | Staff Expenses | 45,075 | 46,816 | (1,740) | -4% | Recognition of leave Encashment Expenses and other adjustments |
| 3.7 | Other Operating Expenses | 24,356 | 23,380 | 975 | 4% | Minor Adjustments |
| C | **Operating profit Before Provision (B-3** | 40,345 | 39,723 | 622 | 2% | |
| 3.8 | Provision for Possible Loss | 20,351 | 29,944 | (9,593) | -47% | Additional Loan loss provision created as per nrb directive. |
| D | **Operating profit (C-3.8)** | 19,994.80 | 9,780 | 10,215 | 51% | |
| 3.9 | Non Operating Income/Expenses (Net) | 791 | 791 | 0 | | |
| 3.10 | Write Back of Provision for Possible Loss | | | - | | |
| E | **Profit From Regular Activities (D+3.9** | 20,786 | 10,571 | 10,215 | 49% | |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - | 0% | |
| F | **Profit Before Bonus and Taxes (E+3.1** | 20,786 | 10,571 | 10,215 | 49% | |
| 3.12 | Provision For Staff Bonus | 1,890 | 961 | 929 | 49% | |
| 3.13 | Provision For Tax | 5,669 | 2,965 | 2,704 | 48% | |
| G | **Net Profit/Loss (F-3.12-3.13)** | 13,228 | 6,645 | 6,582 | 50% | due to additional loan loss provision expenses created. |

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रमूख. सुचकांङ्ग

### कम्तिमा विगत ५ बर्षका परिसूचकहरु

अनुसूची ४.२५

| | विवरण | सुचकाङ्क | आ.ब २०७६/०७७ | आ.ब २०७५/०७६ | आ.ब २०७४/०७५ | आ.ब २०७३/०७४ | आ.ब २०७२/०७३ |
|---|---|---|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ३.४१ | १३.३५ | ११.२१ | ७.३० | ६.४४ |
| २ | प्रति शेयर आम्दानी | रु. | ६.६५ | २३.०६ | २२.२४ | १०.१२ | ३५.७२ |
| ३ | प्रति शेयर बजार मूल्य | रु. | ९५५.०० | ५३२.०० | १००.०० | १००.०० | १००.०० |
| ४ | मूल्य आम्दानी अनुपात (P/E Ratio) | अनुपात | १४३.७१ | २३.०७ | ४.५० | ९.८८ | २.८० |
| ५ | शेयर पूंजीमा लाभांश (बोनस सहित) | प्रतिशत | - | - | - | - | - |
| ६ | शेयर पूंजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | - | - | - | - | - |
| ७ | ब्याज आम्दानी /कर्जा तथा सापट | प्रतिशत | १५.२३ | १६.२१ | १६.७० | १७.५२ | २०.०० |
| ८ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ६६.६९ | ६४.०८ | ६५.०६ | ६४.२१ | ६२.७४ |
| ९ | कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ८.५४ | ९.०० | ८.९४ | ६.२७ | ६.५२ |
| १० | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | - | - | - | - | - |
| ११ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | २.०५ | ८.७४ | ६.१८ | २.८४ | ३.२३ |
| १२ | खुद नाफा/कर्जा सापट | प्रतिशत | ०.६० | २.५३ | २.१२ | १.३४ | १.३३ |
| १३ | खुद नाफा/कुल सम्पत्ति | प्रतिशत | ०.५४ | २.२६ | १.८९ | १.०९ | ०.९९ |
| १४ | कुल कर्जा/निक्षेप | प्रतिशत | २५७.१२ | २५९.३७ | २७२.९८ | २६३.४१ | २३६.६३ |
| १५ | कुल सञ्चालन खर्च/कुल सम्पत्ती | प्रतिशत | ५.७५ | ५.८६ | ६.८२ | ८.१४ | ७.६९ |
| १६ | जोखिम भारित सम्पत्तिमा पूंजीकोषको पर्याप्तता | प्रतिशत | | | | | |
| | क) प्राथमिक पूंजी | प्रतिशत | ११.२७ | १३.३० | १०.७९ | ८.५० | ३.५० |
| | ख) पूरक पूंजी | प्रतिशत | १.२५ | ०.९३ | १.३८ | १.४१ | १.४० |
| | ग) कुल पूंजी कोष | प्रतिशत | १२.५२ | १४.२४ | १२.१६ | ९.९२ | ४.८९ |
| १७ | तरलता (CRR) | प्रतिशत | १.१२ | १.२८ | ०.६४ | ८.७२ | १५.३७ |
| १८ | निष्क्रिय कर्जा/कुल कर्जा | प्रतिशत | ३.९७ | १.४५ | १.०४ | १.०९ | १.९८ |
| १९ | ब्याज दर अन्तर (Weighted Average Interest Rate Spread) % | प्रतिशत | ७.१५६ | ८.०६ | ८.०१ | १३.२२ | १४.०७ |
| २० | बुक नेटवर्थ (प्रति शेयर) | रु | १८२.३८ | १७५.६३ | १६८.३७ | १२२.३६ | ४०५.३३ |
| २१ | कुल शेयर | संख्या | १,०००,००० | १,०००,००० | ७००,००० | ७००,००० | १४०,००० |
| २२ | कुल कर्मचारी | संख्या | १५२ | १३५ | १४३ | १४३ | १२० |
| २३ | अन्य | | | | | | |

| | | |
|---|---|---|
| Intt | Deposit | Borrowing |
| | 264,59,997.00 | 583,64,252.00 |
| Opening | 3516,52,401.00 | 4467,55,219.00 |
| Closing | 4311,75,902.50 | 5620,98,081.00 |
| | 7828,28,303.50 | 10088,53,300.00 |
| | 3914,14,151.75 | 5044,26,650.00 |
| Rate | 6.76 | 11.57 |

K.P.N. & Associates Kathmandu Chartered Accountants

SAMUDAYIK LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्या: ल.वि.सं.सु.वि./गैर-स्थलगत/सामुदायिक/०७७/७८/२४८ मिति: २०७७/१०/०८

श्री सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड,
बनेपा-१४, साँगा, काभ्रेपलान्चोक ।

**विषय: आर्थिक वर्ष २०७६/७७ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक बर्ष २०७६/७७ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्बन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक बर्ष २०७६/७७ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ११/०७७को बुँदा नं. २ को उपबुँदा नं.२.२ (क) र २.३ (क)अनुसार इजाजतपत्रप्राप्त संस्थाले केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी देहायको विवरण महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु हुन र कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिनु हुन ।

(ख) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १८/०७७ को बुँदा नं. २ को उपबुँदा नं. १को व्यवस्था अनुसार ग्राहकको पहिचान तथा सोको सम्पुष्टि नियमित रुपमा गर्नु हुन ।

(ग) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७को बुँदा नं. ६ को उपबुँदा नं.५ अनुसार सम्पत्ति शुद्धीकरण अनुगमन समितिको बैठक ३ महिनामा १ पटक बस्ने गर्नु हुन ।

(घ) संस्थाले कर्जाको उचित विश्लेषण,कर्जाको लागि आवश्यक कागजपत्रहरु संकलन गरी कर्जा भुक्तानी तालिका बनाई समयमै कर्जा सदुपयोगिता निरीक्षण र भाखा नाघेको कर्जाको नियमीत निगरानी गर्नु हुन ।

(ङ) संस्थाले बार्षिक साधारण सभा स्वीकृति लिने प्रयोजनार्थ बाह्य लेखापरिक्षकबाट तयार गरी यस बैंकमा पेश गरेको वित्तीय प्रतिवेदनमा औषत ब्याजदर अन्तरको गणना अनुसूची ४.२५ र अनुसूची ४.२७ मा फरकफरक देखिएकोले एकरुपता बनाई प्रकाशित गर्नु हुन ।

(च) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ४।०७७ को बुंदा नं. १ (ज) बमोजिम ग्राहक संरक्षण कोषमा खर्च नभएको रकमलाई Earmark गरी छुट्टै लगानी गर्नु हुन ।

(छ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७को बुँदा नं. १४ को उपबुँदा नं. (ख) को व्यवस्था अनुसार लघुवित्त वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

रहेको रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकमान्तर नगर्नको कारण पेश गर्नुहुन र रकमान्तर गरी जानकारी दिनु हुन ।

(ज) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं.१/०७७ को बुंदा नं.४(क) बमोजिम पूरक पुँजीमा सामान्य कर्जा नोक्सानी व्यवस्था बापतको रकम कुल जोखिमभारित सम्पतीको १.२५ प्रतिशत भन्दा कम हुने गरी आवश्यक समायोजन सहित पुन: पूरक पुँजी र पुँजीकोष गणना गरी वित्तीय विवरण प्रकाशन गर्नु हुन ।

(झ) अनुसूची ४.१२ अन्य सम्पत्तिको अन्य शीर्षकमा उल्लेख गरिएको रकम मध्ये अधिकांश रकम विगतमा विभिन्न समयमा विभिन्न कर्मचारीहरुले हिनामिना गरेको असुल उपर गर्नुपर्ने देखिएकोले उक्त रकम सम्वन्धितबाट यथाशिघ्र असूल उपर गर्नु हुन र असूल उपर नभएमा उक्त रकम बापत अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था कायम गरी जानकारी दिनु हुन ।

(ञ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. १५/०७७ को बुँदा नं. २ को उपबुँदा नं. (१)माभएको व्यवस्था भन्दा फरक नहुने गरी मात्र बचत संकलन कार्य गर्नु हुन ।

(ट) संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरू पुन: नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,
०७८/१०/०८
(यमलाल सुवेदी)
उप-निर्देशक

**बोधार्थ :**
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरिवेक्षण बिभाग ।

## नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिबेक्षण बिभाग द्वारा जारी पत्र संख्या ल.वि.सं.सु.वि/गैर स्थलगत/सामुदायिक ०७७/७८/२४८, २०७७/१०/०८ को पत्रानुसार आ. ब. २०७६/७७ को बार्षिक बित्तीय विवरणहरु प्रकाशन गर्ने सहमति सहितको निर्देशनहरुका सन्दर्भमा प्रस्तुत प्रतिवेदन तथा भएका कार्यहरु

| क्र. सं. | निर्देशनहरु | निर्देशन अनुरुप भएका कार्यका पहलहरु |
|---|---|---|
| क | यस बैकबाट इजाजतपत्रप्राप्त “घ” बर्गका लघुवित्त बित्तीय सस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन ,२०७७ को निर्देशन नं. ११ /०७७ को बुँदा नं २ को उपबुँदा नं.२.२(क) र २.३ (क) अनुसार इजाजतपत्रप्राप्त संस्थाले केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी देहायको विवरण महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु हुन र कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिनु हुन । | निर्देशन अनुसार केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाई सकेको । |
| ख | यस बैकबाट इजाजतपत्रप्राप्त “घ” बर्गका लघुवित्त बित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन २०७७ को निर्देशन नं. १८/०७७ को बुँदा नं. २ को उपबुँदा नं. १ को व्यबस्था अनुसार ग्राहकको पहिचान तथा सोको सम्पुष्टि नियमित रुपमा गर्नु हुन । | निर्देशन अनुसार ग्राहक पहिचान तथा सोको सम्पुष्टि सम्बन्धी कार्यविधि बनाई अबलम्वन गर्दै आएको । |
| ग | यस बैकबाट इजाजतपत्रप्राप्त “घ” बर्गका लघुवित्त बित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७ को बुँदा नं. ६ को उपबुँदा नं. ५ अनुसार सम्पत्ति शुद्धीकरण अनुगमन समितिको बैठक ३ महिनामा १ पटक बस्ने गर्नु हुन । | निर्देशन अनुसार सम्पत्ति शुद्धीकरण अनुगमन समितिको बैठक ३ महिनामा १ पटक बस्ने व्यवस्था मिलाइएको । |
| घ | संस्थाले कर्जाको उचित बिश्लेषण, कर्जाको लागि आबश्यक कागजपत्रहरु संकलन गरी कर्जा भुक्तानी तालिका बनाई समयमै कर्जा सदुपयोगिता निरीक्षण र भाखा नाघेको कर्जाको नियमीत निगरानी गर्नु हुन । | निर्देशन अनुसार व्यवस्था मिलाइएको । |
| ङ | संस्थाले वार्षिक साधारण सभा स्वीकृति लिने प्रयोजनार्थ बाह्य लेखपरीक्षकबाट तयार गरी यस बैंकमा पेश गरेको बित्तीय प्रतिबेदनमा औषत ब्याजदर अन्तरको गणना अनुसूची ४.२५ र अनुसूची ४.२७ मा फरकफरक देखिएकोले एकरुपता बनाई प्रकाशित गर्नु हुन । | संस्थाले वार्षिक साधारण सभा स्वीकृति लिने प्रयोजनार्थ बाह्य लेखपरीक्षकबाट तयार गरी नेपाल राष्ट्र बैंकमा पेश गरेको बित्तीय प्रतिबेदनमा औषत ब्याजदर अन्तरको गणना अनुसूची ४.२५ र अनुसूची ४.२७ मा फरक फरक देखिएकोमा एकरुपता समेत बनाई प्रकाशन गरिसकेको । |
| च | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” बर्गको बित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन,२०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं. १ (ज ) बमोजिम ग्राहक संरक्षण कोषमा खर्च नभएको रकमलाई Earmark गरी छुट्टै लगानी गर्नु हुन । | निर्देशन अनुसार ग्राहक संरक्षण कोषमा खर्च नभएको रकमलाई Earmark गरि छुट्टै लगानी गर्ने व्यवस्था मिलाइनेछ । |
| छ | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “घ” बर्गका लघुवित्त बित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन,२०७७ | निर्देशन नं.६/०७७ को बुँदा नं.१४ को उपबुँदा नं.(ख) को व्यवस्था |

| | | |
|---|---|---|
| | को निर्देशन नं. ६/०७७ को बुँदा नं. १४ को उपबुँदा नं.(ख) को व्यवस्था अनुसार लघुवित्त बित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकमान्तर नगर्नको कारण पेश गर्नुहुन र रकमान्तर गरी जानकारी दिनु हुन । | अनुसार २०७७ असार मसान्तसम्मको जम्मा रु ४,५७,१३८।-रकम मध्ये वित्तीय संस्थाको शाखा कार्यालयहरु रहेको स्थानीय निकायहरु अन्तरगत रहेको कोभिड कोषमा रु २०४,६००।- भुक्तानी गरेको तथा प्रत्यक्ष अनुदान खर्चमा रु ८७,०६७।- गरी जम्मा रु. २९१,६६७।- सामाजिक उत्तरदायित्व कोषबाट खर्च भएकोमा बाँकी रु. १६५,४७१।- निर्देशन बमोजिम कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकमान्तर गरी जानकारी दिईनेछ । |
| ज | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १/०७७ को बुँदा नं.४(क) बमोजिम पूरक पुँजीमा सामान्य कर्जा नोक्सानी व्यवस्था बापतको रकम कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा कम हुने गरी आवश्यक समायोजन सहित पुनः पूरक पुँजी र पुँजीकोष गणना गरी वित्तीय विवरण प्रकाशन गर्नु हुन । | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १/०७७ को बुँदा नं.४(क) बमोजिम पूरक पुँजीमा सामान्य कर्जा नोक्सानी व्यवस्था बापतको रकम कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा कम हुने गरी निर्देशन बमोजिम आवश्यक समायोजन सहित पुनः पूरक पुँजी र पुँजीकोष गणना गरी वित्तीय विवरण समेत प्रकाशन गरिसकेको । |
| झ | अनुसूची ४.१२ अन्य सम्पत्तिको अन्य शीर्षकमा उल्लेख गरिएको रकम मध्ये अधिकांश रकम विगतमा विभिन्न समयमा विभिन्न कर्मचारीहरुले हिनामिना गरेको असुल उपर गर्नुपर्ने देखिएकोले उक्त रकम सम्बन्धितबाट यथाशिघ्र असूल उपर गर्नु हुन र असूल उपर नभएमा उक्त रकम वापत अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था कायम गरी जानकारी दिनु हुन । | निर्देशन अनुसार कर्मचारीहरुबाट रकम असुल उपर गर्ने व्यवस्था मिलाउँदै आइरहेको छ भने विभिन्न कारणबस असूल उपर नभएमा उक्त रकम बापत अन्य सम्पत्तिमा निर्देशन अनुसार व्यवस्था कामय गरिनेछ । |
| ञ | यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १५/०७७ को बुँदा नं. २ को उपबुँदा नं.(१) मा भएको व्यवस्था भन्दा फरक नहुने गरी मात्र बचत संकलन कार्य गर्नु हुन । | निर्देशन अनुसार व्यवस्था मिलाइसकेको । |
| ट | संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन । | निर्देशन अनुसार कैफियत सुधारका लागि नियमित परिपत्र गरि सुधारको स्थिति बारे अनुगमन गर्ने गरेको । |

नोट:

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको व्यवस्थापन टोली



**डा. शिवहरि श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत



**श्री बेलु माया मगर**
नायव प्रमुख कार्यकारी अधिकृत



**श्री सुमन महर्जन**
व्यवस्थापक
वित्त तथा लेखा प्रशासन



**श्री सुमन दनुवार**
नायव व्यवस्थापक
व्यवसाय संचालन तथा सुपरिवेक्षण विभाग



**श्री गोकर्ण पराजुली**
सहायक व्यवस्थापक
आन्तरिक लेखा परीक्षण विभाग



**श्री मिलन महर्जन**
वरिष्ठ सुपरिवेक्षक



**श्री राम बहादुर पाण्डे**
वरिष्ठ सुपरिवेक्षक



**श्री ललित कुमार रावल**
सुपरिवेक्षक



**श्री शंकर गुरुङ्ग**
सुपरिवेक्षक/कम्पनी सचिव



**श्री विक्रम सिलवाल**
नायब सुपरिवेक्षक



**श्री दिनेश श्रेष्ठ**
मुख्य प्रबन्धक
(लगानी)



**श्री सुकु कुमार नेपाली**
मुख्य प्रबन्धक
(सूचना प्रविधि)



**श्री सरस्वती श्रेष्ठ)**
वरिष्ठ प्रबन्धक
(लेखा)


वित्तीय संस्थाको कार्य क्षेत्र रहेका १० जिल्लाहरु


Samudayik Laghubitta Bittiya Sanstha Limited
Current Information
Rs. in Thousand.
1200000
1000000
800000
600000
400000
200000
0
Ashad 2073: 27570, 387971, 158855, 8678
Ashad 2074: 33502, 543371, 201250, 10579
Ashad 2075: 36637, 734624, 269114, 24861
Ashad 2076: 38116, 912065, 351652, 36847
Ashad 2077: 42153, 1108660, 431175, 10570
No. of clients
loan Outstanding in Rs.
Saving mobilization in Rs.
Gross Profit in Rs.